का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ भदौ २०८०,
शुक्रबार
1 September 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



# टाढिँदै एमाले–राप्रपा

कोशी प्रदेश सरकारको अवस्था प्रष्ट भएपछि प्रदेश र संघमा राप्रपाको सहभागिता हुने सम्भावना थप प्रष्ट हुनेछ । कोशी सरकारको हैसियत शुक्रबारबाट सर्वोच्च अदालतमा हुने अन्तिम सुनुवाइले प्रष्ट गरिदिनेछ ।





पहिलेको अवस्थामा धेरै फरक भइरहेको छ । संसदीय समितिको सभापतिको निर्वाचनपछि सत्ता गठबन्धनसँग पनि संवादका लागि ढोका खुलेको छ ।

**बुद्धिमान तामाङ**
**उपाध्यक्ष, राप्रपा**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ भदौ ।

नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) विस्तारै टाढिन थालेका छन् । नेताहरुका अनुसार एमालेसँगको निरन्तरको नजिकपनाले पार्टीलाई क्षेति पुगेको बुझाइमा कतिपय राप्रपाका नेताहरु छन् । राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले एमाले अध्यक्ष केपी ओलीसँग एकहोरो सम्बन्ध बनाएको भनेर पार्टीभित्र आलोचना समेत हुन थालेपछि राप्रपाले आन्तरिक रुपमा सबै दलसँग सम्बन्ध विस्तारको नीति लिएको छ ।

वर्तमन सत्तारुढ गठबन्धनले निरन्तर राप्रपाको साथ खोज्ने र राप्रपाले एमालेको फाइदाका लागि मात्रै साथ दिने अवस्था स्वयम राप्रपाको हितका कति छ ? भन्ने प्रश्नमा आफूहरु रहेको बताउँछन् स्वम राप्रपा नेताहरु । तर अब यस प्रश्नबाट अगाडि बढेर सबै दलसँग दिपक्षीय हितका आधारमा अगाडि बढ्ने नीति कार्यान्वयनमा राप्रपा पुगिसकेको छ । यसको पछिल्लो उदाहरण हो संसदीय समितिको सभापति भगवण्डा ।

यसअघि नै सत्तारुढ दल र प्रमुख प्रतिपक्ष दलले संसदीय समितिको सभापति कुन दलले कति लिने भन्ने बारेमा भागवण्डा गरेका थिए । त्यसमा दुई ठूला विपक्षी दल राष्ट्रिय प्रजातन्त्र पाटी र राष्ट्रिय स्वतन्त्र पार्टीलाई भाग छुट्याइएको थिएन । त्यसमा प्रतिनिधि सभाको बैठकमा बोल्ने क्रममा दुवै दलले असन्तुष्टि जनाएका थिए ।

रास्वपाले समितिको सभापतिका लागि भाग नखोज्ने बरु निर्वाचन प्रक्रियामा भाग लिने भनेर संसदीय दलको बैठकबाट निर्णय गरेको थियो । यता राप्रपाले भने समितिको सभापति पाउनका लागि अन्तिम समयमा सत्तागठन्धन दलसँग पहल गरेको थियो ।

शनिवार बसेको राप्रपाको संसदीय दलको बैठकले सांसद बुद्धिमान तामाङलाई समिति सभापतिका लागि सत्तागठबन्धन दलसँग पहल गर्न जिम्मेवारी दिएको नै थियो । सोहीअनुसार तामाङले प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति शेरबहादुर देउवालाई भेटेर आग्रह गरेका थिए ।

उनले भनेका छन्, 'प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीलाई भेटेर कुरा राखेपछि उहाँहरु सहमत हुनुभयो र हामीले एउटा समितिको सभापति पायौं ।'

कोशी प्रदेशको सरकार टिकाउने सर्तमा माओवादी केन्द्रले आफ्नो भागमा पाएको पूर्वाधार विकास समितिको सभापति राप्रपालाई दिएको बताइएको छ । माओवादीका सांसद माधव सापकोटा सभापतिका लागि

>>> पृष्ठ २ मा

## सुन तस्करी प्रकरण

# ३३ सदस्यीय टोली अनुसन्धानमा परिचालन

अनुसन्धानमा सहयोग माग्दै प्रहरी प्रधान कार्यालयमार्फत सीआईबीले अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोलमा पत्राचार गरेको छ । पक्राउ गरिएका ७ जना चिनियाँहरुको अपराध रेकर्ड बारेको विवरण मगाउन नेपाल प्रहरीले इन्टरपोलमा पर्पल नोटिस जारी गर्न सिफारिस पनि गरिसकेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १४ भदौ ।

६० किलो ७ सय १६ ग्राम सुन तस्करी प्रकरणको अनुसन्धानमा ३३ सदस्यीय टोली परिचालन भएको छ । प्रहरी अधिकारीहरुका अनुसार हङकङबाट तस्करी गरेर ल्याइएको सुनको अनुसन्धानमा काविल मानिने प्रहरी अधिकारीहरुलाई केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) मा झिकाइएको छ ।

प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) किरण बज्राचार्यले कमाण्ड गरेको अनुसन्धान टिममा ३३ जना छन् । जहाँ सिआईबीका डिआईजी यज्ञविनोद पोखरेल र विशेष ब्यूरोका डिआईजी रामदत्त जोशी पनि संलग्न छन् । अनुसन्धान टोलीमा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) तीन जना छन् ।

भारतस्थित नेपाली राजदूतावासका कन्सुलर (एसएसपी) उमा प्रसाद चतुर्वेदीलाई पनि टिममा सामेल गरिएको छ । सीआईबीका एसएसपी दिनेश आचार्य अनुसन्धानका लागि हङकङ गएका छन् । बिहीबार एकजना डिएसपीलाई भारतमा पठाइएको छ । तस्कर समूहले हङकङ र दुबईबाट सुन ल्याएर भारतमा पठाउने गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ ।

त्रिभुवन विमानस्थल भन्सार गेट बाहिरबाट बरामद सुन संगठित तरिकाले तस्करी भएको भन्दै

>>> पृष्ठ २ मा



सुन तस्करीको जरोसम्म पुग्ने गरी हामी प्रयास गरिरहेको छौं ।

**किरण बज्राचार्य**
**एआईजी**

# बालेनले गरे चीन भ्रमण रद्द

नेपाली भूभागलाई चीनले नेपाललाई नसोधी भारतको देखाउनु हाम्रो संवेदनशीलतामाथि चालेको गलत कदम मानेका छौं । त्यसैले मेरो चीनको निमन्त्रणामा हुँदै गरेको पाँच दिने भ्रमण नैतिकताको आधारमा नजाने निर्णय गरेको छु ।

**बालेन**
**मेयर, काठमाडौं महानगरपालिका**



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १४ भदौ ।

काठमाडौं महानगरपालिकाका प्रमुख (मेयर) बालेन्द्र शाह (बालेन) आफ्नो चीन भ्रमण आफैंले रद्द गरेका छन् । उनको पाँचदिने चीन भ्रमण तय भएको थियो । बिहीबार उनले आफ्नो चीन भ्रमण स्थगित भएको घोषणा गरे ।

उनको चीन भ्रमण बिहीबारबाट सुरु हुँदै थियो । बिहीबार बेलुकी उनको चीन जाने फ्लाइट थियो । तर चीनतर्फ प्रस्थान गर्नु केही घण्टाअघि मात्र उनले सामाजिक सञ्जाल फेसबुक र ट्वीटरमा टुवीट गर्दै आफू चीन भ्रमणमा नजाने घोषणा गरेका हुन् ।

चीनले सोमबार जारी गरेको नयाँ नक्सामा नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरालाई भारत भित्र देखाएपछि त्यसको विरोध स्वरुप चीन भ्रमण रद्द गरेको दाबी उनको छ ।

'नेपाली भूभागलाई चीनले नेपाललाई नसोधी भारतको देखाउनु हाम्रो संवेदनशीलतामाथि चालेको गलत कदम मानेका छौं' बालेनले लेखेका छन्, 'त्यसैले आज मेरो, चीनको निमन्त्रणामा हुँदै गरेको पाँचदिने भ्रमण नैतिकताको आधारमा

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# इजरायलमा केयर गिभरको तालिम दिने संस्थाहरुलाई अनुमति लिन विभागको उर्दी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ भदौ

वैदेशिक रोजगार विभागले इजरायलमा केयर गिभरको तालिम दिने संस्थाहरुले विभागको अनुमति लिनुपर्ने बताएको छ ।

अनुमतिका लागि आवेदन दिन बुधबार १५ दिने सूचना जारी गरेको विभागले केयर गिभर स्याहारसुसारकर्ता तालिमसम्बन्धी कार्यविधि २०७२ अनुसार यस्तो तालिम सञ्चालन गर्न इच्छुक संस्थाका लागि सूचना जारी गरेको बताएको छ ।

विभागले अन्य तालिम प्रदान गरिरहेका तालिम प्रदायक संस्थाले केयर गिभरको तालिम पनि सञ्चालन गर्ने भएमा त्यस्तो संस्थाले नयाँ प्रयोजनका लागि भौतिक सामग्री र अन्य मापदण्डको अलग्गै व्यवस्था गरी विवरण खुलाएर निवेदन दिनुपर्ने बताएको छ ।

विभागले इजरायलको केयर गिभरको तालिम दिन इच्छुक संस्थाले निवेदनका साथमा संस्थाको न्यूनतम भौतिक पूर्वाधारको विवरण, संस्थापक र सञ्चालकको अनुभव तथा योग्यताको प्रमाणपत्रको प्रतिलिपिसमेत संलग्न गर्नुपर्ने उल्लेख गरेको छ ।

विगतमा इजरायलका लागि केयर गिभरको तालिम प्रदान गर्न अनुमति लिइ तालिम प्रदान गरिसकेको भए त्यसको प्रमाणसमेत पेश गर्नुपर्ने सूचनामा उल्लेख छ ।

त्यस्तै विभागले निवेदनका साथमा तालिम प्रदायक संस्थाको दर्ता, नवीकरण प्रमाणपत्र, प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत वर्षको करचुक्ता, संस्थाको आफ्नो घर नभएको भए कम्तीमा दुई वर्षको घरबहाल सम्झौतासमेत पेश गर्नुपर्ने उल्लेख गरेको छ ।

केयर गिभरलाई आफ्नो ज्ञान र सीप प्रयोग गरेर आफ्नो हेरविचार गर्न नसक्ने व्यक्तिलाई खुवाउने, हिँडडुल गराउने, औषधि उपचारमा सहयोग गर्नेलगायत अन्य सहयोगीको रुपमा काम गर्ने विषय सिकाइने गरिएको छ ।




# ‘सरकार सुशासनको अभियानबाट विश्राम लिँदैन’

**काठमाडौं/मस-** उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारले सुशासनको अभियानबाट विश्राम नलिने बताएका छन्। नेपाल पर्वतारोहण संघको ३३ औं वार्षिक साधारणसभाको उद्घाटनमा उपप्रधानमन्त्री श्रेष्ठले सरकारले सुशासन स्थापित गरेर मात्रै समृद्धिलाई तीव्रता दिने बताए।

उनले समृद्धिको यात्रा अगाडि बढाउन सुशासनको अभियानलाई प्रभावकारी ढंगले अघि बढाउनुको विकल्प नरहेको जनाए। ‘सरकारले सुशासनको अभियान छोड्ने छैन, विश्राम पनि लिँदैन’, उनले भने। सरकारले सुशासनको अभियानलाई सफल बनाएरै छाड्ने दाबी गरे।

सुशासन स्थापित गरेपछि मात्रै समृद्धिलाई तीव्रता बनाउन सकिन्छ भन्ने ध्येका साथ सरकार लागिपरेको उनको भनाइ थियो। उपप्रधानमन्त्री श्रेष्ठले भने, ‘भ्रष्टाचार नियन्त्रण, दण्डहीनता अन्त्य, अपराध नियन्त्रण, तस्करी र कालाबजारीलाई रोक्ने र त्यससँग सम्बन्धित अपराधीलाई कारबाही गरेर मात्रै सुशासन स्थापित गर्न सकिन्छ।’

सरकारले चालेको भ्रष्टाचार र सुशासनको अभियानलाई रोक्न अहिले पनि संगठित रुपमा प्रयास भइरहेको दाबी गर्दै उनले सरकार सुशासनको अभियानबाट कुनै पनि हालतमा विचलित नहुनेमा विश्वास व्यक्त गरे। उपप्रधानमन्त्री श्रेष्ठले सबै राजनीतिक पार्टीले राष्ट्रिय मुद्दामा सहमति कायम गर्नुपर्नेमा जोड दिए।




समृद्धिको अभियानलाई अघि बढाउन पर्यटन क्षेत्रलाई महत्वपूर्ण उद्योगका रुपमा लिएर विकास गर्न सकारले प्राथमिकता दिने उनको भनाइ छ। उनले आगामी १६औं पञ्चवर्षीय योजना निर्माण प्रारम्भिक चरणमा रहेको र आवधिक योजनामा पर्यटन क्षेत्रलाई समृद्धिको मूख्य आधारका रुपमा समावेश गरिने बताए।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले अहिलेको प्रमुख र साझा शत्रु भ्रष्टाचार भएको भन्दै यसको नियन्त्रण र सुशासन प्रवर्द्धन गरी मुलुकलाई आर्थिक समृद्धिको दिशामा अघि बढाउन सबै गम्भीर हुनुपर्नेमा जोड दिए। वर्तमान राष्ट्रिय संकटलाई सम्बोधन गर्न राष्ट्रिय सहमतिको सरकार आवश्यक रहेको भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’को नेतृत्वमा राष्ट्रिय सरकार बनाउन आवश्यक रहेको उनको भनाइ छ।

पर्यटनमन्त्री किरातीले नेपालको पर्यटन क्षेत्रको विकासका लागि विज्ञ सरोकारवालासँग छलफल गरेर छिट्टै पर्यटन ऐन ल्याइने जानकारी दिए।

प्रदेशसभा सदस्य एवं पूर्व पर्यटनराज्यमन्त्री यांकीला शेर्पाले पर्वतारोहीको जीविकोपार्जनका लागि कल्याणकारी कोषको व्यवस्था गर्न र पर्वतीय पर्यटनको दीर्घकालीन विकासमा ध्यान सरकारको ध्यानाकर्षण गराइन्। संघका अध्यक्ष निमानुरु शेर्पाले थप ७० वटा पिक आरोहणको व्यवस्थापनको जिम्मा संघलाई दिन माग गरे। उनका अनुसार नेपालमा आरोहणका लागि एक हजार सात सयभन्दा बढी हिमालमध्ये हाल चार सय १९ हिमालमा मात्रै आरोहण खुला गरिएको छ।

# जसपामा एक व्यक्ति, एक पद र एक समितिको व्यवस्था लागू हुने




**काठमाडौं/मस-** जनता समाजवादी पार्टी, (जसपा) नेपालमा एक व्यक्ति, एक पद र एक समितिको व्यवस्था कडाइका साथ लागू गरिने भएको छ।

पार्टीका कुनै संगठन, विभाग या पदाधिकारीमा पनि एक व्यक्ति एक पदको मान्यतालाई कायम गरिने भएको सो पार्टीले जानकारी दिएको छ।

हाल पार्टीले सञ्चालन गरेको तीन महिने संगठन विस्तार तथा सुदृढीकरण अभियानको मुख्य कार्य पार्टीलाई वैचारिक र राजनीतिकरूपले सक्षम बनाउनु र पार्टीगत समितिलाई विधानले व्यवस्था गरे बमोजिमको पदाधिकारी र सदस्य संख्यामा सीमित गरी गठन, पुनर्गठन र रूपान्तरण गर्नु रहेको पार्टीका केन्द्रीय प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले बताए।

उनका अनुसार जसपाले पार्टीको अधिकार पार्टी सदस्यमा निहीत रहने व्यवस्था गरेको छ। सोअनुसार पार्टीका प्रादेशीक संरचनले पनि आफ्नो क्षेत्राधिकारभित्रका काम आफैं गर्न सक्ने भएकाले एक व्यक्ति, एक पद र एक समितिमा रहेरै काम गर्नुपर्ने व्यवस्था गरिएको हो।

# राप्रपाको भवन तत्काल नभत्काऊः उच्च अदालत




**काठमाडौं/मस-** उच्च अदालत पाटनले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को भवन तत्काल नभत्काउन आदेश दिएको छ। निवेदक प्रभा चापागाईंले दायर गरेको रिटमा न्यायाधीश दुर्गा बहादुर विश्वकर्माको एकल इजलासले बिहीबार आदेश जारी गर्दै तत्काल नभत्काउन भनेको हो।

राप्रपा कार्यालय भत्काउने तयारीसहित काठमाडौं महानगरको टोली गत साउन १५ गते डोजरसहित पुगेको थियो। तर, यसबारे कानूनको प्रकृया बिना भत्काउदा निवेदिकाको साम्पत्तिक हकमा असर परी अपूर्णिय क्षति पुग्ने देखिंदा अन्तरिम छलपलको मितिसम्म उक्त घरलाई असर पर्नेगरी कुनै काम नगर्न आदेश जारी भएको हो।

‘निवेदन दाबीमा उल्लेखित कि.नं. ७०७ को जग्गा र सो जग्गामा निर्मित घर समेत निवेदिकाको हकको भई हाल राप्रपा कार्यालय रहेको भन्ने देखिएको हुँदा उक्त घरजग्गा निवेदिकाको सहमति तथा कानुनी प्रकृयाबिना भत्काउँदा निवेदिकाको साम्पत्तिको हकमा असर परी अपूर्णिय क्षति पुग्ने देखिँदा अन्तरिम छलफलको मितिसम्म उक्त जग्गा र जग्गामा निर्मित घरलाई असर पर्ने गरी कुनै पनि कार्यवाही नगर्नु नगराउनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम विपक्षीहरुको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरी दिएको छ,’ उच्च अदालतले भनेको छ।

# मनसुन विपद्बाट ७३ जनाको मृत्यु

**काठमाडौं/मस-** यस वर्ष मनसुन अवधि जेठ ३१ देखि भदौ ८ गतेसम्ममा बाढी, पहिरो र चट्याङबाट ७३ जनाको ज्यान गएको छ। मनसुन अवधिमा एक सय दुई जना घाइते हुनका साथै २० जना बेपत्ता भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलका अनुसार मनसुन अवधिमा मुलुकका एक सय ३५ ठाउँमा बाढी, चार सय २९ ठाउँमा पहिरो तथा ८३ वटा चट्याङका घटना भएका थिए।

उक्त विपद्का घटनामध्ये बाढीमा परी १२ जनाको मृत्यु, सात घाइते र २१ बेपत्ता भएका थिए। यस्तै पहिरोमा परी ३८ जनाको मृत्यु, ४० घाइते र नौ बेपत्ता भएको कार्यकारी प्रमुख पोखरेलले बताए। भारी वर्षाका कारण दुई जनाको ज्यान गयो भने चट्याङबाट २१ जनाको मृत्यु र ४३ घाइते भए।

यस वर्षको बाढी पहिरोबाट ३२६ दशमलव ८३ मेघावाट क्षमताका निर्माणाधीन १७ तथा सञ्चालनमा रहेका १३२ दशमलव ७५ क्षमताका १३ जलविद्युत् आयोजनामा क्षति पूगेको छ। त्यसबाट झण्डै रु आठ अर्ब ५० करोड क्षति पुगेको अनुमान गरिएको छ।

मनसुन अवधिमा भएका बाढी पहिरोका घटनाबाट देशका २९ राजमार्गका २५० ठाउँमा रु ४० करोड बराबरका भौतिक पूर्वाधारमा क्षति भएको तथ्यांक छ। मनसुन अवधिमा भएका बाढी पहिरोका घटनाबाट रु १५ अर्बभन्दा बढी भौतिक पूर्वाधारलगायतका सम्पत्तिको क्षति भएको कार्यकारी प्रमुख पोखरेलले बताए।

मुलुकका विभिन्न स्थानमा चार मोटरेवल पुल र २२ झोलङ्गे पुल बगाउँदा करिब रु.४१ करोडको क्षति हुन पुगेको छ। बाढीपहिरोका घटनाबाट २८ खानेपानी आयोजनामा क्षति हुँदा रु नौ करोड बराबरको नोक्सान भएको प्राधिकरणको अनुमान छ। क्षति पुगेका ती पूर्वाधार तत्काल पुनःस्थापना गर्न रु १० अर्ब ५५ करोडभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको कार्यकारी प्रमुख पोखरेलले बताए। यस अवधिमा चट्याङ लागेर ११ स्थानमा, पहिरोबाट सात, पुल क्षतिबाट पाँच र लेदोसहितको पहिरो खस्दा आठ स्थानमा गरी देशका ३१ स्थानमा सडक अवरुद्ध भएका थिए। हाल मुलुकका दुई सय ३१ राजमार्गमध्ये ४८ राजमार्ग एकतर्फीरुपमा सञ्चालनमा रहेको प्राधिकरणले जनाएको छ।

### टाढिँदै...

निश्चित भइसकेकोमा अन्तिम समयमा आएर सो समिति सभापतिका लागि राप्रपाका दीपकबहादुर सिंहको उम्मेदवारी दर्ता भएको थियो। सिंह नै सभापति निर्वाचित भइसके।

यो सँगै सत्ता गठबन्धनसँग वार्ताको ढोका खुलेको बताउँछन् राप्रपाका उपाध्यक्ष बुद्धिमान तामाङ।

चुनाव अगाडिदेखि नै एकसाथ अगाडि बढेका एमाले र राप्रपाले चुनावमा देशब्यापी तालमेल मात्रै गरेनन्, चुनाव लगत्तै एमालेको समर्थनमा बनेको सरकारका सहभागी भयो। १० पुस २०७९ मा प्रचण्ड नेतृत्वको सरकार संलग्न राप्रपा उपप्रधानमन्त्री समेत लिएर सरकारमा गएको थियो। तर प्रचण्डले एमालेलाई राष्ट्रपति दिने पूर्व सहमति तोडेपछि राप्रपा १३ फागुनमा सरकारबाट बाहिरिएको थियो।

तर, घटनाक्रममा राप्रपा छुट्टै एमालेबेगर नै सहमति गरेर संसदीय भागवण्डा लिन पुगेको छ। ‘पहिले र अहिलेको अवस्था धेरै फरक भइरहेको छ’ राप्रपा उपाध्यक्ष पाण्डे अगाडि भन्छन्, ‘संसदीय समितिको सभापतिको निर्वाचनपछि सत्ता गठबन्धनसँग संवादका लागि वार्ताको ढोका खुल्यो।’

राप्रपा नेताहरुका अनुसार कोशी प्रदेश सरकारको अवस्था प्रष्ट भएपछि प्रदेश र संघमा राप्रपाको सहभागिता हुने सम्भावना थप प्रष्ट हुनेछ। कोशी प्रदेश सरकारको हैसियत आजबाट सर्वोच्च अदालतमा हुने अन्तिम सुनुवाईले प्रष्ट पारि दिने नेताहरुको विश्वास छ।

यही भदौ चार गने प्रदेशसभा बैठकको अध्यक्षता गरेका इस्राइल मन्सुरीलाई समेत मतदान गराएर विश्वासको मत लिएको उद्धव थापा नेतृत्वको सरकारलाई सर्वोच्च अदालतले दीर्घकालीन महत्वको निर्णयहरु गर्न रोक लगाएको छ। अदालतमा यो मुद्दाको अन्तिम सुनुवाइ बाट हुनेछ।

### सुन...

राजस्व अनुसन्धान विभागले अनुसन्धानको जिम्मेवारी साउन २१ मा सीआईबीलाई हस्तान्तरण गरेको थियो।

सुन अनुसन्धानको जिम्मेवारी लिएपछि सीआईबीले एसपी सञ्जयसिंह थापाको कमाण्डमा टिम गठन गरेको थियो। एआईजी किरण बज्राचार्य ‘तस्करीको जरोसम्म पुग्ने गरी हामी प्रयास गरिरहेको’ बताउँछिन्।

अनुसन्धानमा टिममा ४ जना प्रहरी उपरीक्षक (एसपी) छन्। धनकुटामा कार्यरत एसपी कृष्ण कोइरालालाई अनुसन्धानका लागि काठमाडौंमा बोलाइएको छ। प्रहरी प्रधान कार्यालयस्थित इन्टरपोल शाखाका प्रमुख एसपी अनुपम शमशेर जबरा अनुसन्धानमा सहभागी छन्।

मानव बेचबिखन ब्यूरोमा कार्यरत एसपी कष्ण पंगेनी सुन बरामद भएसँगै राजस्व अनुसन्धान विभागको टिमसँग जोडिएका थिए। पंगेनीले हाल अनुसन्धानको दस्तावेजको पाटो सम्हालेका छन्। धर्मराज भण्डारी र दुर्गा दाहालसहित ५ जना प्रहरी नायव उपरीक्षक (डिएसपी) हरु अनुसन्धानमा संलग्न छन्।

अनुसन्धानमा काविल भनेर चिनिएका ईन्स्पेक्टर राजु अधिकारी र गजेन्द्र रावलाई सीआईबीमा झिकाइएको छ। अधिकारीले भुटानी शरणार्थी प्रकरणको पनि अनुसन्धान गरेका हुन्। अनुसन्धानमा संलग्न अधिकृतका अनुसार ७ इन्सपेक्टर र १३ जना जुनियर प्रहरी अधिकृत अनुसन्धानमा सामेल छन्। जिल्ला प्रहरी परिसर ललितपुरमा कार्यरत वरिष्ठ प्रहरी नायव निरीक्षक रमेश बजगाईंलाई अनुसन्धानका लागि सिआईबीमा बोलाइएको छ। बजगाईं संगठित अपराध अनुसन्धानमा काविल मानिन्छन्।

केन्द्रीय अनुसन्धान सीआईबीले टिम बनाएर साउन २२ देखि अनुसन्धान जारी राखेको छ। सिआइबीले अनुसन्धान सुरु गरेपछि चिनियाँ नागरिक बस्ने डेरा र गोदामसहित १० ठाउँमा छापा मारिएको छ।

रेडी ट्रेड प्रालिले मोटरसाइकल र स्कुटरको ब्रेक सुमा लुकाएर काठमाडौं ल्याएको सुन साउन ३ मा राजस्व अनुसन्धान विभागले बरामद गरेको थियो।

अनुसन्धानमा सहयोग माग्दै प्रहरी प्रधान कार्यालयमार्फत सीआईबीले अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोलमा पत्राचार गरेको छ। पक्राउ गरिएका ७ जना चिनियाँहरुको अपराध रेकर्ड बारेको विवरण मगाउन नेपाल प्रहरीले इन्टरपोलमा पर्पल नोटिस जारी गर्न सिफारिस पनि गरिसकेको छ।

### बालेनले...

नजाने निर्णय गरेको छु।’ नेपालले २०७७ जेठ ७ गते लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई समेटेर नयाँ चुच्चे नक्सा निकालेको थियो। केही पहिले चीनको प्राकृतिक स्रोत मन्त्रालयले चुच्चे नक्साको ठाउँमा पहिलेको बुच्चे नक्सालाई नै कायम गरेर नेपालको नक्सा सार्वजनिक गरेकोमा आफ्नो आपत्ति रहेको बालेनले बताएका छन्।

बालेनले काठमाडौं महानगरपालिकास्थित आफ्नो कार्यकक्षमा ‘अखण्ड नेपालको नक्सा राख्न लगाएका छन्। अखण्ड नेपालको नक्सामा सन १८१६ मा बेलायतसँग सुगौली सन्धि हुनुअघिको नेपाली भूभागलाई समेटिएको छ।

त्यतिबेलाको अखण्ड नेपालको नक्सा आफ्नो कार्यालयमा राखेर भारत भ्रमणमा रहेका बेला प्रधानमन्त्री प्रचण्डलाई अप्ठेरोमा पारिदिएको परराष्ट्र मन्त्रालयका अधिकारी बताउँछन्। अहिले प्रधानमन्त्री प्रचण्डको चीन भ्रमणको तयारी भइरहेका बेला बालेनले आफ्नो भ्रमण स्थगित गरेर पुनः अप्ठेरो पार्ने प्रयास गरेको कतिपयको टिप्पणी छ।

चीनले सोमबार आफ्नो नयाँ नक्सा (स्ट्यान्र्डड म्याप) सार्वजनिक गरेको थियो। चिनियाँ कम्युनिस्ट पार्टीको मुखपत्र मानिने अंग्रेजी दैनिक ग्लोबल टाइम्सले उक्त नक्सा पहिलो पटक सार्वजनिक गरेको थियो।

काठमाडौं महानगरपालिकाका मेयर बालेनको पाँच दिने चीन भ्रमणको लागि बिहीबार बेलुकी त्यसतर्फ जाने कार्यक्रम रहेको थियो। चीनमा आयोजना गरिएको स्थानीय तह सम्बन्धी एक कार्यक्रममा सहभागी हुन उनी चीन जान लागेका थिए।


“औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर”

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक, झापा**
**कोशी प्रदेश, नेपाल**

**बिज्ञापन कर संकलनका लागि बोलपत्र आव्हानका सूचना**

**(सूचना प्रकाशित मितिः २०८०/०५/१५)**

यस दमक नगरपालिकाको आ.ब. २०८०/०८१ का लागि बिज्ञापन कर संकलनका लागि शिलबन्दी दरभाउपत्र पेश गर्न सूचना प्रकाशित गरिएको छ। बिज्ञापन कर संकलन ठेक्कामा भाग लिन चाहने ईच्छुक कम्पनी/फर्महरुले सूचनामा उल्लेखित सेवा शर्तका बन्देजमा रही बिद्युतीय माध्यम (ई-बिड) बाट दरभाउपत्र पेश गर्नु हुन सूचना प्रकासित गरिएको छ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | बिवरण | न्यूनतम ठेक्का अंक मु.अ.क. बाहेक | धरौटी | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र पेश गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | DMO/JHAPA/ADV/11/80/81 | बिज्ञापन कर संकलन | १६,९५,८७०/- | ५% | १०००/- | २०८०/०५/३१ गते दिनको १२ बजेसम्म | २०८०/०५/३१ गते दिनको १ बजे। |

**नोटः सूचनाको विस्तृत जानकारीको लागि कार्यालयको वेभसाईट https://damakmun.gov.np/ मा हेर्न सक्नु हुनेछ।**



**UAE मा वैदेशिक रोजगारको अवसर**

**कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1** शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/०३/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७१,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी: BARARI NATURAL RESOURCES** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/२८ चलानी नं.: ६०२०४५८३ LT. No.: 289202 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,७३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES** शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०४/२५ चलानी नं.: ६०२०५९७७ LT. No.: 290613 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 80 | 20 | स. काममा दक्ष | 1200 | ४३,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २० गते (6 September 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०, ९८१३५१६३२२
Email: futurestarmp397@gmail.com



**Cyprus मा बैदेशिक रोजगारको अवसर**

१. कम्पनी: **COSTAS THEODOROU, Larnaca, Cyprus**
पूर्व स्वीकृती मिति २०८०।०४।२९ चलानी नं. ६०२०७०५८ LT.No. 289461

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 05 | - | कामना दक्ष | 800 | ११३,०३२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Waiter | 03 | - | | 650 | ९३,४६४।- | | | | | | | |
| 3 | Butcher | 03 | - | | 800 | ११३,०३७।- | | | | | | | |
| 4 | Employee | 09 | - | | 700 | १००,६५३।- | | | | | | | |

२. कम्पनी: **Global Tree Recruitment Ltd, Paphos, Cyprus** पून:विज्ञापन
पूर्व स्वीकृती मिति २०८०।०१।२५ चलानी नं. ६०२०११०८ LT.No. 285710

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 04 | काममा दक्ष | 314 | ४५,१५०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क र कूल लागत सहित |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैं | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. ३५,०००।- |

**अन्तर्वार्ता २०८० भदौ २२ गते (8 September., 2023) मेनपावर कार्यालय गौशलामा हुनेछ।**

**Shalma H. R. Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1111/073/74
Gaushala, KTM. Phone:- 4579525, 4579526, Email:- info@shalmahr.com

अध्यक्ष गाहामगरले फेरि भेटे प्रधानमन्त्री

# वंशजको नागरिकता नपाए आन्दोलन गर्ने चेतावनी

काठमाडौं/मस- गैरआवासीय नेपाली संघ (एनआरएनए)यूकेका अध्यक्ष प्रेम गाहामगरले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेटघाट गरेका छन् ।

६ महिनाभित्र गाहामगरले प्रधानमन्त्रीलाई दोश्रो पटक भेटेर पुनः वंशजको नेपाली नागरिकता निरन्तरताका लागि पहल गरिदिन आग्रह गरेका छन् ।

प्रधानमन्त्री दाहालको व्यस्तताबीच करिब २५ मिनेट लामो भेटमा अध्यक्ष गाहामगरले विश्वभर छरिएर रहेका वंशजका नेपाली नागरिकलाई सधैंका लागि नेपाली नै रहिरहन दिनका लागि नेपालको नागरिकता ऐन २०६३ को दफा १० लाई पूर्णतः संशोधन गर्न माग गरेका छन् । उक्त ऐनको दफा १० को उपदफा (१) अन्तर्गत नेपालको कुनै नागरिकले आफू खुशी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेपछि निजको नेपाली नागरिकता कायम नरहने व्यवस्था छ ।



भेटमा आफ्ना माग पूरा गर्न सरकार गम्भीर नभए सशक्त आन्दोलन नै गर्नपछि नपर्ने चेतावनी समेत दिएको गाहामगरले बताए । 'नेपाल बाहिर झण्डै ८० लाख नेपाली रहेको बताइएपनि खास गैरआवासीय नेपाली (एनआरएन) करिब २० लाख रहेको पछिल्लो तथ्यांक छ । हामीलाई नेपालसंगको सम्बन्ध टुट्न नदिन सम्माननीय प्रधानमन्त्रीज्यूले पहल गरिदिनु पर्छ', गाहामगरले भेटमा भएको कुरा उद्धृत गर्दै भने ।

गाहामगरले भेटवार्तामा भूतपूर्व गोर्खा वार्तामा भइरहेको ढिलाइ र बेलायतका नेपाली राजदूत ज्ञानचन्द्र आचार्य नेपाली समुदायको साझा अभिभावक हुन नसकेको भन्दै गुनासो पनि गरेका थिए । उनले प्रधानमन्त्रीलाई एक ज्ञापनपत्र समेत बुझाएका छन् ।


ज्ञापनमा गोर्खा सैनिक तथा उनीहरुको परिवार र विश्वभर छरिएर रहेका वंशजका नेपाली नागरिकहरुको अधिकार रक्षाका लागि नेपाल नागरिकता ऐन, २०६३ को दफा १० संशोधन गरि सन् १९४७ को त्रिपक्षीय सन्धिलाई सम्मान गर्न र गोर्खा सैनिक तथा वंशजका नेपाली नागरिकहरुको नागरिकता निरन्तरता हुने गरि कानून संशोधन गर्न एनआरएनए यूकेले नेपाल सरकार समक्ष जोडदार माग गरेको छ ।

एनआरएनए यूके अध्यक्ष गाहामगरले यसअघि कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ, गृहमन्त्री नारायणकाजी श्रेष्ठ, परराष्ट्रमन्त्री एनपी साउद, राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिना, नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली लगायत नेतालाई भेटेर ज्ञापन पत्र बुझाएका थिए ।

# महावीरले बिक्रीमा राखे विदेशी पदक

**काठमाडौं/मस**–सरकारले दिएका विभुषण र अलंकार बेच्न नपाएपछि वैज्ञानिक महावीर पुनले विभिन्न मुलुकबाट पाएको पदकहरु बिक्रीमा राखेका छन् । बिहीबार जनैपूर्णिमाको शुभदिन भन्दै विभिन्न मुलुकबाट प्राप्त भएको पदक २० देखि २५ लाख रुपैयाँसम्ममा बिक्रीमा राखेका हुन् । नेपालका पदक बेच्न नपाइने भएपछि अब विदेशी मुलुकबाट प्राप्त पदकहरु किनेर घरमा वा म्युजियममा सजाउन चाहनेलाई बिक्री गर्ने उनले बताएका छन् ।

उनले विदेशी पदक बिक्रीबाट आउने पैसाले वीरगन्जको कृषि औजार कारखानामा ३०० देखि ५०० केभीएसम्मको बिजुलीको ट्रान्सफर्मर दसैंअगाडि नै राख्ने योजना बनाएका छन् । महावीरले तिहारपछि केही औजारहरु उत्पादन शुरु गर्ने योजनाका लागि कारखानामा धेरै क्षमताको बिजुली चाहिएको बताएका हुन् । कारखानाका करिब ८० प्रतिशत पुराना मेशिनहरु मर्मत भइसकेकाले अब औजार उत्पादन थालिने उनले बताए ।




पुनले आफ्नो जीवन कथाको किताब बेचेर आएको पैसा कृषि औजार कारखानामा खर्च गरिने समेत बताएका छन् । उनले उक्त किताब पनि किनिदिन भनेका छन् ।

'मर्ता क्या नै कर्ता । हामीले खुट्टा तानेरै काम कर्ता है र मर्ता है', उनले भनेका छन्, 'कसैले पनि रिसराग र दुःखमनाऊ नगर्नु होला । यसो गर्दा ती मेडलहरुको उच्च सम्मान हुनेछ ।'

उनले सन् १९९२ मा अमेरिकामा पाएको हनर ग्राजुएट मेडल, सन् २००७ मा फिलिपिन्समा पाएको रामोन म्याग्सेसे अवार्डको मेडल र सन् २०१४ मा अमेरिकामा पाएको इन्टरनेट हल अफ फेम पदक बिक्रिका लागि राखेका छन् ।

रूकुम पश्चिम डायरी | प्रचण्ड खत्री/मध्यान्ह

# बाँफिकोटको कार्यपालिका बैठक सम्पन्न

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकाको कार्यपालिका बैठक सम्पन्न भएको छ । आर्थिक वर्ष २०८०/०८१ को दोस्रो कार्यपालिका बैठक सम्पन्न भएको गाउँपालिका प्रवक्ता जोगबहादुर चन्दले जानकारी दिए ।

कार्यपालिका बैठकले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको बजेट वडा नम्बर २, ३, ८, ९ र १० नम्बरमा विनियोजन गरेको प्रवक्ता चन्दले जानकारी दिए । प्रवक्ता चन्दका अनुसार प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको बजेट वडा नम्बर




१, ५, ६ र ७ मा विनियोजन गरिएको छ । गाउँपालिकाको ४४ वटा विद्यालयलाई कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा २४ गते सर्वदलीय बैठक बोलाउने निर्णय भएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकामा हुने २०८०/०८१ का आयोजनाहरुका सार्वजनिक निर्माण कार्यको बोलपत्र गाउँपालिकाका प्राविधिक शाखाबाट प्रकाशन गराउने र गाउँपालिकाका प्राविधिक शाखाबाट तयार हुन नसकेका आयोजनाहरु गाउँकार्यपालिकाको निर्णयअनुसार गाउँपालिकाले परामर्श सेवा लिने निर्णयसमेत भएको छ । गाउँपालिकाकी कार्यबाहक अध्यक्ष तारा बुढा केसीको अध्यक्षतामा बैठक सम्पन्न भएको हो । बैठकमा कार्यपालिका सदस्यहरुको सहभागिता रहेको थियो ।

# प्रेस सेन्टर नेपाल रुकुम पश्चिम र जाजरकोटको इन्चार्जमा खड्का र केसी

प्रेस सेन्टर नेपाल रुकुम पश्चिमको जिल्ला इन्चार्जको जिम्मेवारी मेगराज खड्कालाई दिइएको छ भने जाजरकोटको जिल्ला इन्चार्जको जिम्मेवारी हेमन्त केसीलाई दिइएको छ ।

भदौ ९ गते बसेको प्रेस सेन्टर नेपालको केन्द्रीय पदाधिकारी बैठकले संगठनका केन्द्रीय सदस्यसमेत रहेका खड्कालाई रुकुम पश्चिम र अर्का केन्द्रीय सदस्य केसीलाई जाजरकोट जिल्लाको इन्चार्जको रूपमा जिम्मेवारी दिएको हो । खड्का रुकुम पश्चिम निवासी हुन् भने केसी जाजरकोट निवासी हुन् । प्रेस सेन्टर नेपालको पदाधिकारी बैठकले रुकुम पश्चिम र जाजरकोटलगायत अन्य जिल्लाहरुमा पनि सिनियर पदाधिकारी तथा केन्द्रीय सदस्यलाई जिल्ला इन्चार्जको जिम्मेवारी दिएको प्रेस सेन्टर नेपालले जानकारी दिएको छ ।

# सिम्तामा बिरामी बोक्ने स्ट्रेचरकै अभाव

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, १४ भदौ

सुर्खेतको सिम्ता गाउँपालिकाका विभिन्न ठाउँमा यातायातको सुविधा नहुँदा बिरामीलाई बोकेरै स्वास्थ्य संस्थासम्म लैजानुपर्ने बाध्यता छ । पहिरोले ग्रामीण सडकहरू अवरुद्ध भएका कारण सडक बन्द भएपछि बिरामीहरूलाई स्ट्रेचर तथा पिठ्यूँमा बोकेर अस्पताल लैजानुपर्ने अवस्था छ ।

ठाउँ-ठाउँमा गएको पहिरो र खाल्डाखुल्डीले गर्दा सडकमा गाडी चल्न सकेका छैनन् । सवारी चलाउन मात्रै नभएर हिँडडुल गर्न समेत समस्या छ । बिरामीलाई बोकेर अस्पताल लानुपर्दा बाटैमा बिरामीको ज्यान जाने जोखिम रहेको स्थानीयहरु गुनासो गर्छन् । बाटो मात्रै होइन सिम्ताका अधिकांश ठाउँमा स्ट्रेचरको समेतको अभाव छ ।



गत साउन २९ गते सिम्ता गाउँपालिका वडा नम्बर १ गान्द्राकी शर्मिला राणालाई सुत्केरी व्यथाले च्याप्यो । उनलाई सुत्केरी व्यथाले च्यापेपछि स्वास्थ्य इकाइ खनेटा लग्ने तयारी गरियो । स्वास्थ्य इकाइ लग्नका लागि मान्छेहरु जम्मा पनि भए । तर गाउँमा उनलाई बोकेर लैजाने स्ट्रेचर पाइएन ।

धेरै बेरसम्म स्ट्रेचर खोज्दा पनि नपाइएपछि वडाले एक वर्ष पहिले वितरण गरेको पुरानो भाँचिएको स्ट्रेचरलाई डोरीले बाँधेर स्वास्थ्य संस्थामा पुर्‍याइयो । स्वास्थ्य संस्थामा पुर्‍याएपछि उनी सुत्केरी भइन् । बच्चा जन्मिएपछि उनलाई घर लैजाँदा कसरी लग्ने भन्ने समस्या पुनः आयो । फेरि पनि उनलाई सोही भाँचिएको स्ट्रेचरमा राखेर घरमा ल्याइयो ।

राणा एक प्रतिनिधि पात्र मात्रै हुन् । यो समस्या त्यहाँका धेरै स्थानीयहरूले भोग्दै आएका छन् । अहिले सिम्ताका अधिकांश ठाउँमा बिरामी बोक्ने स्ट्रेचरको अभाव छ । बिरामी भएर छटपटाइरहेका व्यक्तिलाई उपचारका लागि स्वास्थ्य संस्था लग्न स्ट्रेचरको खोजी गर्दा गाउँमा स्ट्रेचर नै नपाइने एक स्थानीय बताए ।

वडाका स्वास्थ्य संस्थामा औषधि त परको कुरा बिरामी बोक्न स्ट्रेचरसमेत नभएको उनको गुनासो छ । स्थानीय सरकार आएपछि गाउँमा सहज अवस्था हुने आशामा रहेकाहरू बिरामी हुँदा उपचार त के सामान्य स्ट्रेचरसम्म नपाउने अवस्था आएको उनीहरुको गुनासो छ । गाउँ टोलमा स्वास्थ्य संस्थाबाटै बिरामीलाई सेवा दिनुपर्ने अवस्थामा बिरामी बोक्ने स्ट्रेचर नपाउँदा डोको तथा पिठ्युँमा राखेर उपचारका लागि स्वास्थ्य संस्थासम्म पुर्‍याउनुपर्ने बाध्यता छ ।

पटक-पटक सम्बन्धित निकायलाई स्ट्रेचर माग गरिए पनि सुनुवाइ नभएको स्थानीयहरू बताउँछन् । यता सिम्ता गाउँपालिका वडा नम्बर १ का वडा अध्यक्ष यामराज शर्माले एक वर्ष पहिले स्ट्रेचर बाँडेको र त्यो स्ट्रेचर पुरानो भएपनि त्यही स्ट्रेचरमै बिरामी बोक्ने गरेको बताए । उनले वडालाई स्ट्रेचर उपलब्ध गराइदिनका लागि पालिकाको स्वास्थ्य शाखामा जानकारी गराएको भए पनि शाखाले नै चासो नदिएको गुनासो गरे ।

यसबारेमा बुझ्न खोज्दा सिम्ता गाउँपालिकाका स्वास्थ्य शाखाका वीरेन्द्र पुनले केही समय अगाडि मात्रै उक्त वडामा स्ट्रेचर पठाइएको जानकारी दिए । उनले हालसम्म वडा नम्बर १ बाट मात्रै स्ट्रेचर अभाव भएको गुनासो आएकोले उक्त वडामा स्ट्रेचर पठाइसकेको बताए । उनले अबको केही दिनमा महिला स्वयंसेविकाहरुसँग आधिकारिक रिपोर्ट मागेर अन्य वडाहरूमा पनि आवश्यकता अनुसार स्ट्रेचर उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

उपाध्यक्ष गोमा शर्मा (रेग्मी)ले स्ट्रेचर वितरणका लागि पालिकाबाट पहल भइरहेको बताइन् । उनले वडाबाट स्ट्रेचर अभाव भएको भनी कुनै पनि जानकारी नआएको हुँदा यसबारेमा नसोचिएको बताइन् । उनले सिम्ताका सबै वडाबाट स्ट्रेचरको लागि आधिकारिक रिपोर्ट आएपछि अपुग सबै वडाहरूमा स्ट्रेचर उपलब्ध गराउने प्रतिबद्धता जनाइन् ।

# दुर्घटना न्यूनीकरण गर्न चालकहरुलाई जनचेतनामूलक पर्चा वितरण

**राहुल गुप्ता/मध्यान्ह**
वीरगञ्ज, १४ भदौ

पर्साको वीरगञ्ज महानगरपालिका वडा नं २ मा सवारी दुर्घटना न्यूनीकरण गर्न चालकहरुलाई जनचेतनामूलक पर्चा वितरण गरिएको छ । 'समुदाय प्रहरी साझेदारी' कार्यक्रमअन्तर्गत सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा छपकैया-२ पर्साको आयोजनामा वीरगञ्ज-२ स्थित सामुदायिक प्रहरी सेवा केन्द्र अगाडि सवारी दुर्घटना न्यूनिकरणका लागि चालकहरुलाई ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक पर्चा पम्पलेट वितरण गरिएको हो ।



पर्चा वितरण कार्यक्रम समुदायिक सेवा केन्द्र छपकैयाका सचिव प्रविण विक्रम शाहको अध्यक्षतामा तथा वडा समिति कार्यालय वडा नं.२ की महिला वडा सदस्य संगीता थापा भुजेलको प्रमुख आतिथ्यतामा भएको थियो । त्यसैगरी वडा सदस्य अब्दुल लतिफ अन्सारीको आतिथ्यता रहेको उक्त पर्चा वितरण कार्यक्रममा सामुदायिक प्रहरीका प्रहरी सहायक निरीक्षक ज्ञान बहादुर श्रेष्ठ, प्रहरी हवल्दार देवेन्द्र कुमार पटेल, प्रहरी जवान दिपेन्द्र कुमार यादव, सामुदायिक सेवा केन्द्र छपकैयाका सदस्य अजित कुमार भुजेल, टिका प्रसाई, पत्रकार जगत राई, स्थानीय हिमाली शाह, उमा न्यौपानेलगायतको उपस्थित रहेको थियो ।

WE'RE HIRING
NEPAL MEDICITI®
For a Healthy & Prosperous Nation

**Sr. Consultant- Medical Oncologist**

**Department :** Medical Oncology
**Requirement :** 1 (one)
**Qualification & Experience :** DM/DNB in Medical Oncology with minimum 10 years of work experience in a hospital with a bed capacity of 200 or more.

Interested candidates are requested to send their updated resume & application letter to **info@nepalmediciti.com** & **hr@nepalmediciti.com** within 10 days from the publication of this vacancy.

**NEPAL MEDICITI,** providing world class healthcare services in Nepal, is looking for deserving candidates to join it's advance Healthcare Team.

www.nepalmediciti.com

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: CROWNE PLAZA HOTEL KUWAIT THURAYA CITY    शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७८/१०/१२    चलानी नं.: ६०१७३४२५    LT. No.: 256939    पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 3 | 0 | स. काममा दक्ष | 125 | ५३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Butcher | 2 | 0 | | 100 | ४२,८६४ | | | | | | | |
| 3. | Cook | 1 | 0 | | 155 | ६६,४३५ | | | | | | | |
| 4. | Heavy Driver | 10 | 0 | | 180 | ७७,१५५ | | | | | | | |
| 5. | Indian Nan Bread Baker | 1 | 0 | | 175 | ७५,०१२ | | | | | | | |
| 6. | Messenger | 8 | 0 | | 110 | ४७,१५० | | | | | | | |
| 7. | Room Attendant | 5 | 3 | | 100 | ४२,८६४ | | | | | | | |
| 8. | Steward | 5 | 0 | | 100 | ४२,८६४ | | | | | | | |
| 9. | Store Keeper | 1 | 0 | | 125 | ५३,५८० | | | | | | | |
| 10. | Therapist | 2 | 2 | | 250 | १०७,१६० | | | | | | | |
| 11. | Waiter/waitress | 12 | 5 | | 125 | ५३,५८० | | | | | | | |

अन्तर्वार्ता इटहरीमा २०८० भदौ २२ गते (8 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ९००/०६७/०६८
स्काई-वे म्यानेजमेन्ट प्रा. लि.
गौशला, काठमाडौं, नेपाल, फोन: ०१ - ४५६०१६०, ०१४५७१४७१
Email: skywaygaushala@gmail.com | Website: www.skywaynepal.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

सम्पादकीय

# कूटनीतिक पहलकदमीको खाँचो

चीनले प्रकाशन गरेको नक्सामा नेपालको नयाँ नक्सा नसमेटिएको विषयलाई लिएर काठमाडौ महानगरका मेयर बालेन शाहले चीन भ्रमण उद्ध गरेको घोषणा गरे । उनको त्यो घोषणाले मुलुकभित्र मात्रै नभएर बाहिर पनि महत्व पाएको छ । विशेषगरी पश्चिमा मिडियाहरूले मेयर बालेनको निर्णयलाई लिएर नेपाली राजनीतिज्ञको भ्रमण रद्ध भएको उल्लेख गरेका छन् । मुलुकभित्र पनि बालेनको निर्णयलाई ठूलो पंक्तिले स्वागत गरेको देखिन्छ । विशेषगरी आमनागरिकबाट बालेनको निर्णयप्रति सामाजिक सञ्जालमार्फत् प्रशंसा भइरहेको छ । तर सरकारले भने आधिकारिक रूपमा कुनैपनि प्रतिक्रिया जनाएको देखिदैन । बरू प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको टोली चीन भ्रमणमा निस्कने क्रममा छ । संयुक्त राष्ट्र संघको महासभाका लागि अमेरिका पुगेर उतैबाट प्रधानमन्त्री प्रचण्ड चीन भ्रमणमा जाने तयारी छ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका नेताहरू पनि चीन भ्रमणमा निस्कदैछन् । शुक्रबार (आज) एमाले महासचिव शंकर पोखरेल नेतृत्वको टोली चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) को विदेश विभागको निमन्त्रणमा दुई साता लामो भ्रमणमा निस्कन लागेको हो । यो टोली ग्वाञ्जाओ हुँदै बेइजिङ पुगेर स्वदेश फर्कदैछ । अर्थात् चीन भ्रमणमा सत्तारूढ र प्रतिपक्षी नेताहरू निस्कन लागेका बेला बालेनले लिएको निर्णयले पक्कैपनि अप्ठ्यारो अवस्था सिर्जना भएको छ । किनकि अहिले सर्वाधिक प्रभावमा रहेका बालेनले त्यस्तो विषयलाई आधार मानेर निर्णय लिएका छन्, त्यसलाई अनदेखा गर्न नेताहरूसँग नैतिक सामर्थ्य कमजोर छ । पक्कैपनि चीन भ्रमण नेता र हाम्रा लागि पनि आवश्यक विषय हो । भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप बलियो बनाउने विश्वास गरिन्छ ।

तर सार्वभौम संसदले पारित गरेको लिम्पियाधुर ासहितको नक्सालाई चिनियाँ नक्सामा मान्यता दिएको देखिएन । तसर्थ यो विषय मुलुकको सार्वभौमतासँग जोडिएको छ । अझ भारतले नेपाली भूमि समेत समेटेर पटकपटक नक्सा जारी गर्ने मात्रै नभइ चीनसँग सडक निर्माण गर्न थालेपछि लिम्पियाधुरासहितको नक्सा जारी गर्नु परेको थियो । नेपालको नयाँ नक्सालाई भारतले स्वीकार्न तयार भइरहेको छैन । गत जेठ दोस्रो साता मात्रै प्रधानमन्त्री प्रचण्ड दिल्ली भ्रमणमा निस्कदै गर्दा भारतीय संसद भवनको भित्तामा नेपाली भूमि समेटिएको मुरल राखिएको थियो । त्यस मुरलबारे प्रधानमन्त्री प्रचण्डले समकक्षी नरेन्द्र मोदीसँग छलफल नगरेर ठूलो आलोचना खेपिरहेका छन् । फेरि चीन भ्रमणमा निस्कने पूर्वसन्ध्यामा बेइजिङले पनि आफ्नो नक्सामा लिम्पियाधुरासहितको नक्सा समेटेनन् । यसले पक्कैपनि प्रधानमन्त्री प्रचण्डको चीन भ्रमण अप्ठ्यारोमा परेको छ । तर सधैं सत्तालाई मात्रै केन्द्रमा राख्ने प्रवृत्ति बदलेर प्रधानमन्त्री प्रचण्डले यो विषय भ्रमणका क्रममा र कूटनीतिक माध्यमबाट पनि उठाउन आवश्यक छ ।

# विकृत बनेको राजनीति

अग्रलेख



● कृष्ण बेलबासे



यतिबेला नेपाली राजनीतिले निचताको पराकाष्ठा नाघेको छ । कथित राजनीतिक नेतृत्व र तिनका समर्थक एवम् पिछलग्गूहरुको व्यवहार र आचरणका कारण तिनलाई अपराधी मात्र भनेर पुग्दैन, ती पशुभन्दा तल्लो स्तरमा उत्रिइसकेका छन् । जब मानिसले विवेक, नैतिकता र इमानदारितालाई त्यागेर स्वार्थकेन्द्रीत हुनपुग्छ, त्यतिबेला ऊ पशुभन्दा पनि निच बन्दो रहेछ भन्ने कुरा नेपालको राजनीति (अझ बढी सत्ता राजनीति)मा संलग्न भएकाहरुले प्रमाणित गरेर देखाएका छन् । यसो हुँदाहुँदै पनि केसम्म देख्न पाइन्छ भने राजनीति मै संलग्न विवेकहिनहरुको एउटा जमात एकातिर आफ्ना कुकर्तुतहरुलाई उचित ठहऱ्याउन नाङ्गोरूपमा लागी पर्ने र अर्कातिर आफ्ना कुर्तुतहरुको पर्दाफास गर्नेहरुलाई प्रहार गरी भ्रमको खेतिलाई निरन्तरता दिने अभियानमा निर्लज्जरूपमा लाग्ने गरेको छ । यस सन्दर्भमा अझ प्रष्ट हुनुपर्ने कुरा, ती तल्लोस्तरका पात्रहरु विदेशी लगानीकर्ताद्वारा पोषित हुने गरेका छन् । त्यसैले यदि तिनको मालिकले निर्देशन गऱ्यो भने ती आफ्नो राष्ट्रियता, संस्कृति, सद्भाव र नैतिकतालाई त्याग्न जतिबेला पनि तयार हुने गर्दछन् ।

उल्लिखित चरित्र भएका न्यूनस्तरीय पात्रहरुले आफुलाई प्रजातन्त्रवादी, समाजवादी र साम्यवादीसम्मको आवरणमा प्रस्तुत गर्ने गरेका छन् । यससँगै तिनीहरुले देशमा गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समावेशिता जस्ता कुराहरु भित्र्याउनुलाई आफ्नो योगदानको रूपमा बताउने गर्दछन् । तर, ती सवालहरुसँग तिनको कुनै सरोकार रहेको पाइँदैन । देशमा तीन तहका शासकीय निकायहरुमा आसिन जो कसैले आफुलाई राजाभन्दा भिन्न स्तरमा प्रस्तुत गर्नै चाहँदैन । यो कुरा तिनको जीवनशैली र व्यवहारले प्रस्तुत गरिरहेको छ । यसै प्रवृत्तिबाट आजित भएर जनस्तरबाट देशलाई सयौं राजाहरुभन्दा एउटा राजा उपयुक्त हुने प्रतिक्रिया आउने गरेको छ । त्यसैगरी नेपाललाई हिन्दू राष्ट्रको हैसियतबाट अलग्याएर धर्मनिरपेक्ष तुल्याउनेहरु मध्येका नै देशलाई ईशाइकरण गर्ने अभियानमा कंस्सिएर लागेका छन् । तिनीहरुलाई आफु चाहे व्यवस्थापिकाको सदस्य भइयोस् वा कार्यपालिकाको वा न्यायपालिका वा संवैधानिक निकायको सदस्य वा ती निकायसँग सम्बन्धित प्रशासकीय तहको सदस्य आफले धर्म प्रचार वा परिवर्तन कार्यमा संलग्न हुनुहुँदैन भन्ने कुरोसँग सरोकार छैन । होलीवाईन सेवन कार्यक्रमको आयोजनादेखि लिएर चर्च स्थापना/उद्घाटनसँगै एउटा धर्मको पक्षमा प्रचार प्रसार र अर्को धर्मको विरुद्धमा अभियान चलाउनसमेत ती पछि पर्दैनन् ।

त्यसैगरी, स्वशासन र विकासको नारासहित स्थापित संघीयतालाई शासकीय अवसर/सुविधा प्राप्ति, भ्रष्टाचार र परिवारवादको पोषण अनि पहिचानको नाममा देश विभाजन गर्नेसम्मका घटिया उद्देश्यको परिपूर्तिका लागि प्रयोग गरिएको छ । एवम् रितले समावेशितासमेत परिवारवादको प्रबर्द्धन र राष्ट्रिय लुटमा सहभागिताको माध्यम बनेको छ । संविधानका मुलभूत विशेषताको रूपमा अवलम्बन गरिएका उल्लिखित प्रावधानहरु राष्ट्रघात र राष्ट्रिय लुटका माध्यमहरु बनेका छन् । यसले देशको संवैधानिक व्यवस्था नै संकटमा रहेको प्रष्ट हुन आउँदछ । जब संविधान र संवैधानिक व्यवस्था नै संकटमा पुग्दछ, त्यतिबेला देशमा प्रजातान्त्रिक एवम् कानूनी शासनको परिकल्पना सम्म गर्न सकिँदैन ।

हुनत राज्य र कानूनको अन्त्यसहितको साम्यवादी लक्ष्य साधेकाहरुले देशलाई राज्यव्यवस्था र कानूनबिहीन अवस्थामा पुऱ्याउनु भनेको साम्यवादतर्फ उन्मुख तुल्याउनु हो भन्ने ठानेका हुन सक्दछन् । तर त्यसो नभएर अहिलेको स्थिति सिर्जना गर्नेतर्फ लाग्नु भनेको देशमा अराजकता सिर्जना गरेर विदेशी हस्तक्षेपलाई निम्त्याउनु हो । मार्क्सवादको जतिसुकै नारा दिए तापनि अराजकतावादीहरु राजनीतिक लुटेरा मात्र नभएर मार्क्सवाद विरोधीहरु समेत हुन् । यो कुरालाई 'चाहे क्रान्ति र परिवर्तनको नाममा होस् वा सरकार संचालनको नाममा' तिनीहरुद्वारा संचालित लुट केन्द्रीत गतिविधिहरुले प्रष्ट्याएका छन् । यसरी नेपालमा राजनीतिक वादको अन्त्य हुनपुगेको कुरा प्रष्ट हुन आउँदछ ।

राजनीति राज्य संचालनको माध्यम हो । राज्य संचालन भनेको राज्यशक्तिको बलमा सुखभोग गर्नु होइन । यो राज्यशक्तिको बलमा राज्य र जनताको सुरक्षासँगै ती दुवैको हित/उन्नतिको लागि कार्य गर्ने मार्ग हो । त्यसैले राजनीति देश र जनता केन्द्रीत राजनीतिक विचार/वाद वा आदर्शबाट संचालित हुने गर्दछ । राजनीति संचालनका लागि राजनीतिक दललाई एउटा प्रभावकारी संस्थाको रूपमा लिने गरिन्छ । राजनीतिक दलको नेता वा सदस्य बन्नु भनेको राजनीतिक विचार/वाद वा आदर्श प्रेरित बनेर देश र जनताको सुरक्षा र सेवाप्रति समर्पित हुनु हो । तर यतिबेला राजनीति व्यवसाय बनेको छ । जुन व्यवसाय कुनै लगानी (त्याग, समर्पण र योगदान), योग्यता, क्षमता र नैतिकता बिना देशी र विदेशी दलालहरुप्रतिको प्रतिबद्धताका बलमा सञ्चालन हुने गर्दछ । यसका लागि लगानी भनेको प्रायोजित एजेण्डाहरुप्रति नग्न एवम् निर्लज्जरूपमा समर्पित हुनु हो । यो

> आज संघीयतालाई शासकीय अवसर/सुविधा प्राप्ति, भ्रष्टाचार र परिवारवादको पोषण अनि पहिचानको नाममा देश विभाजन गर्नेसम्मका घटिया उद्देश्यको परिपूर्तिका लागि प्रयोग गरिएको छ भने समावेशिता जस्तो एजेण्डालाई परिवारवादको प्रवर्द्धन र राष्ट्रिय लुटमा सहभागिताको माध्यम बनाइएको छ । संविधानका मुलभूत विशेषताको रुपमा अवलम्बन गरिएका उल्लिखित प्रावधानहरु राष्ट्रिय लुटका माध्यमहरु बनेको स्पष्ट छन् ।

कुराको प्रमाणको रूपमा राजनीतिक दलको सदस्य एवम् समर्थक बनेकाहरुले नेपाल राष्ट्रको स्वाभिमान, नेपाली संस्कृति र नेपाली जनताको हित संग गांसिएका सवालहरुलाई विदेशी मालिकहरुप्रतिको भक्तिभाव प्रकट गर्ने हेतुले उपेक्षा गर्ने गरेको कुरालाई लिन सकिन्छ ।

यत्ति मात्र नभएर सत्तामा पुगेका कम्युनिष्ट नामधारीहरुको व्यवहारलाई हेर्दा जर्ज अर्वेलको कृति 'एनिमल फार्म' मा उल्लेखित प्रकृतिका व्यवहारको मञ्चन भइरहेको समेत देख्न पाइन्छ । यस प्रसङ्गमा थप उल्लेखनीय कुरा, राष्ट्रिय सम्पत्तिमाथिको लुट, भ्रष्टाचार, तस्करी र संगठित अपराध जस्ता विषयहरुलाई कारबाहीको दायरामा ल्याउने नाममा वास्तविक अपराधिलाई संरक्षित/निर्दोष साबित गर्ने हेतुले भइरहेको खेललाई हेर्दा कथित शासक एवम् दलीय नेताहरुको हैसियत र नियत प्रष्ट हुनजान्छ । यसले अग्रगामी परिवर्तनको नाममा देशमा जंगली राज कायम हुनपुगेको कुरा साबित हुन जान्छ ।

यहींनेर प्रश्न उठ्छ, देशलाई यो स्थितिमा पुऱ्याउने कुराको मूल जिम्मेवार को हो ? र यसको समाधानको उपाय के हो ? निश्चय पनि देशलाई यो स्थितिमा पुऱ्याउन कुनै एउटा मात्र दलको नेता र समर्थक वा एक कालका शासक र तिनका समर्थक एवम् मतदाताहरु मात्र जिम्मेवार छन् भन्ने होइन । यो अवस्था २००७ सालको राजनीतिक परिवर्तनदेखि नै सृजित हुँदै आएको हो । यसलाई गतिदिने कुरामा सबै दलहरुको उत्तिकै भूमिका रहने गरेको भए तापनि राजनीतिक व्यवस्थामा सहभागी नभएका दलहरुको भूमिका अप्रत्यक्ष र सहभागीहरुको भूमिका प्रत्यक्ष रहने गरेको छ । यस कुरामा कांग्रेस २०१५ साल मै, कम्युनिष्ट आवरणको एमाले २०४७ को राजनीतिक परिवर्तनपछिको अन्तरिम सरकारमा सहभागी भएसँगै र माओवादी नामको अर्को छद्म कम्युनिष्ट पार्टी भने २०५२ सालको सशस्त्र युद्धको प्रारम्भदेखि नै संलग्न रहेको कुरा प्रमाणित भइसकेको छ । त्यसैले देशलाई अहिलेको अवस्थामा ल्याई पुऱ्याउन दलीय दलालहरु नै मूलरूपमा जिम्मेवार रहेको कुरा स्पष्ट भएको छ । हुनत विदेशी एजेण्डा, लगानी र निर्देशनमा परिचालित दलहरुलाई यो अवस्थाप्रति लागि पर्न उक्स्याउनेहरुमा एनजिओ/आईएनजिओहरु र विदेशी योजनामा परिचालित कतिपय बौद्धिक भनाउँदाहरु एवम् नागरिक समाजका सदस्यहरुको सक्रिय भूमिका रहेको कुरोलाई समेत नजरअन्दाज गर्न मिल्दैन । तापनि मूल दोषी भनेका राजनीतिक दलका नेता, कार्यकर्ता र समर्थकहरु नै हुन् ।

जहाँसम्म देशको राजनीतिलाई लुटको कारोबार र शासनतन्त्रलाई जंगली राजमा परिणत गर्ने दलीय दलाल एवम् लुटेराहरुद्वारा सृजित समस्यालाई समाधान गर्ने उपाय के हुन सक्ला ? भन्ने कुरा छ, यो त्यति सहज भने अवश्य छैन । देशमा विचार/वाद र आदर्शयुक्त राजनीतिको चरण समाप्त भइसकेको छ । त्यसैले अब दलहरुबाट कुनै सकारात्मक कार्यको प्रारम्भ होला भन्ने कुराको आशा नै राख्न सकिँदैन । यसो किनभने एक त, पुराना दलहरु न आफू सुध्रने, न त देशको अवस्था सुध्रन दिने, उल्टै देशमा अव्यवस्था र अराजकतालाई कायम राखेर आफ्नो लुट अभियानलाई निरन्तरता दिइराख्ने उद्देश्यप्रति समर्पित छन् । यसका निम्ति तिनीहरुबीच जस्तोसुकै समझदारी र गठबन्धन बन्न सक्दछ । तिनका विदेशी मालिकहरुको हैकम चल्दासम्म यो अवस्थाले निरन्तरता पाइराख्नेछ ।

जहाँसम्म यिनको बिकल्पको रूपमा देखापरेका नयाँ दलहरुको भूमिकाको कुरा छ, यहाँनेर विचारणीय प्रश्न के छ भने जसरी पुराना दलहरु आफुले ढोंगको रूपमा अवलम्बन गरेको विचार/वाद विपरित रहेकाले देशबाट आदर्शको राजनीति समाप्त भएको छ, ठीक त्यसैगरी नयाँ भनिएका कुनैपनि दलको राजनीति विचार/वाद र आदर्श प्रेरित रहेको पाइँदैन । तिनले एकातिर पुराना लुटेरा दलहरुको विरुद्ध देखापरेको जनअसन्तोषबाट फाइदा लिन खोजेका छन् भने अर्कातिर ती खुल्ला लुटेराहरु जस्तै विदेशी एजेण्डामा परिचालित छन् । थप कुरा, तिनीहरुसँग कुनै परिष्कृत राजनीतिक आचरण पनि छैन । यो कुरा बुझ्न धेरै मिहेनत गर्नु पर्दैन । सत्ता साझेदारीका निम्ति जो कसैसँग र जुनसुकै बेला एकजुट हुन तयार हुने, राष्ट्रिय स्वाभिमान एवम् जनहितको पक्ष र विकृत राज्य व्यवस्थाको विरुद्धमा आवाज उठाउन नसक्ने/नचाहने तिनीहरुको हैसियतले ती कोद्वारा अनि कुन एजेण्डामा संचालित छन् भन्ने कुरा स्पष्ट देखिन्छ ।

जहाँसम्म जनसाधारणको कुरा छ, तिनले यथार्थतालाई बुझ्न अझै केही मात्रामा हण्डर खानुपर्ने स्थिति देखिन्छ । यसरी हेर्दा जुनसुकै स्वरूपको रहेका भए तापनि राजनीतिक दलहरुले पञ्चायत कालमा आफू उपर 'अराष्ट्रिय तत्व' भनी लगाइने गरेको आरोपलाई सत्य साबित गरिदिएका छन् । सत्ताको दुरूपयोग गरेर राज्यको सम्पत्तिमा लुट मच्चाउन लागि परेका कथित बामपन्थी/कम्युनिष्ट भनाउँदाहरु भन्दा प्रतिबद्ध, आदर्शयुक्त र नैतिकवान कम्युनिष्ट विचार बोकेका पात्रहरुले पार्टी राजनीतिलाई किन त्याग गर्नुपऱ्यो ? अनि पार्टी संस्थापकलगायत पार्टीको आदर्शप्रति निष्ठावान व्यक्तिहरुले पार्टी परित्याग गर्न पुगेको देखेपछि पनि पार्टी नेतृत्वमा रहनेहरुको व्यवहार र कार्यशैली झन् भ्रष्ट र जन एवम् राष्ट्रघाति किन बन्नपुग्यो ? के उनीहरुले यी कुराहरुबाट शिक्षा लिन र सुध्रिन पर्दैनथ्यो ? भन्नेबारे गम्भीरतापूर्वक चिन्तन गर्न सुझाव दिन्छु । यस किसिमको चिन्तन सत्ता केन्द्रीत राजनीतिलाई आदर्श सम्झदै लुट अभियानमा संलग्न दलको व्यवहारबाट असन्तुष्ट भई तिनकै नयाँ संस्करणको रूपमा प्रकट विचार/वाद, आदर्श र नैतिकताबिहीन दलहरूप्रति आकर्षित जनसमुदायका निमित्त पनि उत्तिकै आवश्यक छ ।

यदि यसो गरेर दलाली केन्द्रित जुनसुकै स्वरूपका दल, विदेशी एजेण्डामा परिचालित एनजिओ/आईएनजिओसँगै कथित बौद्धिकहरु एवम् नागरिक समाजलाई प्रतिबन्धित/बहिष्कृत तुल्याउन सक्ने हो भने केहि सकारात्मक सम्भावना/परिणामहरु आउन सक्छन् । अन्यथा उदारवादको नाममा देशमा नवसामन्तवाद र नवउपनिवेशवादले निरन्तरता त पाइराख्ने छ नै । देशको सम्प्रभूता एवम् अस्मिता समाप्त हुन पनि बेर लाग्ने छैन । त्यसैले औपनिवेशिक एवम् साम्राज्यवादी कालमा पनि राष्ट्रको अस्मिता जोगाउन र विरताको उदाहरण प्रस्तुत गर्न सफल अग्रजका जायज सन्तानहरुको ध्यान मातृभूमिको पहिचान कायम राख्ने कुरा तर्फ जाओस् ।

## सामाजिक सञ्जाल



**- ओम थापा**

हालै चीनले नयाँ नक्सा जारी गर्दा नेपालको संसदले सर्वसम्मतरूपमा पारित गरेर जारी गरेको लिपुलेक, कालापानी र लिम्पियाधुरा समावेश भएको नक्सालाई किन मान्यता दिएन र किन बुच्चे नक्सा जारी गऱ्यो ? खोइ कहाँ गए मयूरको नक्कली प्वाँखवालाहरू ? नेपाल के चीन र भारत दुवैतर्फबाट प्रताडित हुनुपर्ने ?



**- दीप किरण खड्का**

चीनको नक्सालाई लिएर बालेनले लिएको 'अड़ान' बडो 'राष्ट्रवादी' देखिएला तर, यसले के मानक राख्छ ? बरू चीन भ्रमणमा नै यसबारे विषय उठान गर्न सकिन्थ्यो कि ? वा अन्य बाटो हुनसक्थ्यो कि ? यस्ता अडान आत्मरतिमा रमाउन बाहेक के अर्थ छ ? हामी भावनाका बेगसँगै कुटनैतिक हिसाबले व्यवहारिक पनि हुनुपर्छ ।



**- नरेन्द्र विक्रम चन्द**

अर्थतन्त्र शून्य छ, विकास शून्य छ, रोजगारी शून्य छ, महँगीको के कुरा गर्नु ? गरिबीको के कुरा गर्नु ? भ्रष्टाचार भ्रष्टाचारीको झनै के कुरा गर्नु ? भ्रष्टाचार र भ्रष्टाचारीको विरोध गर्नेलाई राज्यले राज्यविरूद्ध अपराधी देख्छ । मन्त्र सुशासन र शून्य भ्रष्टाचारको जप !



**- निर्मल प्रसाइँ**

तीन तहको अदालतले दोषी ठहर गरेको व्यक्तिलाई कैदमाफी दिनुलाई सामाजिक न्याय भनिदोरहेछ आजकाल । नक्कली भुटानी प्रकरण र टिकापुर जग्गा किर्ते प्रकरणमा नाम आएकालाई सभापति पद दिइएको छ, यसलाई सुशासन भनिदोरहेछ आजकाल । तुइनमा जनता छन्, यसलाई समृद्धि भनिदोरहेछ आजकाल ।

# राजनीतिमा लुकेको नियत

विचार



● जयप्रकाश गुप्ता

> कोही परे वा कोही पारिए । जसले मिलाउन सके ति अपराधी भएपनि भाग्यमानी भए, अपराधको कालो टिको मेटे । तर जो निरपराध रहे राज्यको चक्रब्यूहमा फसे, तिनी अभागी भए । अपराधी बनाइए । राज्य ज-जसको पछाडि लाग्यो उनीहरुमध्ये जोसँग शक्ति थियो, पैसा थियो, तिनले अनुसन्धानकै बखत मिलाए । तर केही नहुने मिलाउन सकेनन्, फसे ।

बिगत दुई/तीन महिनादेखि ललिता निवासको जग्गाकाण्ड, नक्कली शरणार्थी प्रकरणदेखि सुन प्रकरण निकै चर्चामा रह्यो । १७ वर्षअघिको गौर काण्डले पनि चर्चालाई हौस्याएको छ । यी सबै प्रकरणको कडाईका साथ छानबिन गरिने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सार्वजनिक तथा बारम्बारको प्रतिबद्धताले उनको यस पटकको प्रधानमन्त्रीत्व कालजयी हुन लागेको देखिन्छ । गृहमन्त्रीको रूपमा नारायणकाजी श्रेष्ठको दृढ भूमिकाले चर्चा कमाउन थालेका छन् । प्रहरी महानिरीक्षक तथा जिम्मेवार पुलिस अधिकृतहरूको हैसियत बढेको छ ।

निराश तथा आशा हराएका मानिसहरूले यसतर्फ ध्यान नै दिन छाडे की पुरानो गृहमन्त्री बालकृष्ण खाण, शून्यबाट अरबपति बनेका मीनबहादुर गुरूग तथा आफ्नो मुलुक भुटानमा एक दशकभन्दा बढी नारकीय जेल यातना बिताएर शरणार्थीको हैसियतले नेपाल बसेका टेकनाथ रिजालहरू; के यस्तो कुकृत्य गर्न सक्छन् र ? आम जनताले यी अभियुक्त बनाएकाको प्रति कुनै शंकाको सुबिधा दिन चाहेन । "राज्यले अपराधी हो भनेपछि अपराधी नै हो" भनेर आजित जनताले पत्याए । यी सब प्रकरणमा नेपाली कांग्रेसको मुलधारको मौनता र एमालेको भ्रष्टाचारको पक्षपोषण गरेको जस्तो देखिने भुमिकाले आम मानिसको दिल दुखाएको लाग्थ्यो । कांग्रेस र एमाले सर्वसाधारण जनताको अपेक्षाको बिपरित गएको तथा एक्लिएको लाग्दथ्यो ।

पूर्व प्रमहरू माधवकुमार नेपाल र बाबुराम भट्टराई उपर पनि छानबिन हुनुपर्ने बाटो खोलिदिएर अदालत पनि आफुलाई 'परिवर्तित भएको' देखायो । भ्रष्टाचारको छानबिनको सन्दर्भमा अदालतको यो छलाङ्ग 'भ्यागुतो उफ्र्याइ' थियो । सर्वाधिक पटक प्रम भएकाको पत्नीका बारेको चर्चा, एक पूर्वगृहमन्त्री र प्रमकै पार्टीका एक शक्तिशाली नेताका पुत्रको संलग्नताका प्रमाणहरू, एमालेका अर्का मुर्धन्य नेताका पुत्रका उपर तेर्सिएको अनुसन्धानको सुई तथा यस्तै अन्य प्रमाणहरूले यस भूमीलाई नै श्रापित देखायो । को चोखो र बाँकी छ त यस मुलुकमा ? यस्तो आम सोच बन्न गयो ।

तर, कति सहज तरिकाले आकाश भर फैलिएको धुलो शान्त भयो । "डस्ट सेटल" भयो । अब त सबैतिर यस्तै सुनिदैछ कि अब केही रहेन । सब मिल्यो । मुख्य दलहरूले आरामका साथ सबै मिलाए । अख्तियारका प्रमुखले पनि राहत पाए । पूर्व प्रमहरू, उनिहरूका एकाघरका आफन्तहरू, एमालेका नेताहरू एवम् उनीहरूका परिजनहरू सबै मुक्त हुनेभए ।


प्रहरी अनुसन्धानको क्रममा गोपनीयताको अभेद्य उपायहरू अपनाएर लिइएका बयानहरू प्रहरीहरूले नै सूचना चुहाउँथे । प्रहरीले आफ्ना प्रिय पत्रिकाहरूलाई पछिको कारबाहीका बारेमा जसरी सूचनाहरू चुहाउँथे- अहिले ठिक त्यसैगरी स्वयम् प्रहरीहरूले नै जनमत बनाउन थालेका छन् कि "अब यति नै हो अनुसन्धान" । अब अगाडी बढ्दैन ।

चाहे आफ्ना पार्टी कै ठूलाभन्दा ठूला मानिस नै किन नहोऊन्, कसैलाई बाँकी राखिन्न ! यसरी बनेको जनमत अब जे हुनु थियो भयो । अब सब मिल्यो । कुरो अब अगाडी बढ्दैन । यो निष्कर्ष अब आम निष्कर्ष हुन लागेको छ । कति सामर्थ्यवान रहेछन् नेपालका नेताहरू ! अनि जनता ?

कोही परे वा कोही पारिए । जसले मिलाउन सके ति अपराधी भएपनि भाग्यमानी भए, अपराधको कालो टिको मेटे । तर, जो निरपराध रहेपनि राज्यको चक्रब्यूहमा फसे, तिनी अभागी भए । अपराधी बनाइए । सदाका लागि अपराधी बनाइए । आज राज्य ज-जसको पछाडि लाग्यो उनीहरुमध्ये जोसँग शक्ति थियो, पैसा थियो, तिनले अनुसन्धानकै बखत मिलाए । ती अकण्टक रहे, ति सिकन्दर नै भए । तर थोरै यस्ता पनि भए, जसका विरूद्ध राज्य लागे तिनीहरूले मिलाउन सकेनन् । पैसा र न्याय दुबैले काम गरेन । तिनीहरू न सकेकै हो । यो पक्का हो । यस्ताका पक्षमा अदालत पनि निरीह रहे । अदालत आफु लोकप्रिय हुन पनि फसाइएकाको लागि बधशाला मात्र भयो । यो भएकै हो । दर्जनौं यसका उदाहरण छन् । चाहनेले खोजे हुन्छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| वृष | : | पुरानो कार्य बन्नेछ । स्वास्थ्य लाभ हुनेछ । |
| मिथुन | : | रुकावटहरु समाप्त हुनेछन् । आयमा वृद्धि हुनेछ । |
| कर्कट | : | मुकद्मा सम्बन्धी समस्याको योग छ । यात्रा सफल हुनेछ । |
| सिंह | : | मांगलिक कार्य हुने र पद वृद्धिको योग छ । |
| कन्या | : | मनोबल उच्च रहनेछ । विधार्थीहरुको लागि समय शुभ छ । |
| तुला | : | भूमि लाभ हुनेछ । कार्यहरुमा सावधानी अपनाउनु होला । |
| वृश्चिक | : | व्यवसायबाट सफलता एवम् प्रसन्नता प्राप्त हुनेछ । |
| धनु | : | यात्रा सफल र सुखद रहनेछ । नाता-गोतासित भेटघाट हुनेछ । |
| मकर | : | धार्मिक कार्यमा रुचि बढ्नेछ । राजनैतिक समारोहमा सहभागी हुनु पर्नेछ । |
| कुम्भ | : | प्रशस्त मात्रामा धन कमाई हुनेछ । खर्चमाथि नियन्त्रण राख्नुहोला । |
| मीन | : | शैक्षणिक प्रगति तथा शान्तिमा वृद्धि हुने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# गाँजा खेतीलाई वैधानिक बनाउँदै जर्मनी




**काठमाडौं/एजेन्सी–** जर्मनीले गाँजालाई वैधानिकता दिने तयारी गरेको छ। कडा आलोचनाका बावजुद मनोरञ्जनात्मक प्रयोजनका निम्ति गाँजालाई वैधानिक बनाउने तयारी भएको हो। निर्धारित परिमाणमा गाँजा किन्न र राख्न पाइने मस्यौदा कानूनलाई सरकारले अनुमोदन गरेको छ।

संसद्ले पनि उक्त कानूनलाई अनुमोदन गर्ने विश्वासका साथ गाँजा सेवन गर्नेहरू क्लबमा आबद्ध हुन थालेका छन्। गँजेडीका 'क्यानाबिस सोशल क्लब' धमाधम खुलेका छन्। एउटा क्लबमा पाँच सयभन्दा बढी सदस्य बन्न नपाइने प्रावधान लागू गरिएको छ।

सरकारी नियमअनुसार एक जनाले तीन वटा गाँजाका विरुवा लगाउन पाउनेछ भने सोशल क्लबबाट दैनिक २५ ग्राम र एक महिनामा अधिकतमा ५० ग्राम गाँजा किन्न पाइनेछ। देशभर यस्ता क्लबको संख्या एक सय नाघेको छ।

आफ्नो पूरा नाम उल्लेख गर्न नचाहने तर आफूलाई हेनरी विकरका रुपमा एएफपीसमक्ष आफ्नो पहिचान सार्वजनिक गरेका सोशल क्लबका संस्थापक ५८ वर्षीय पूर्वविद्युत् इन्जिनियरले क्बलमा आवद्ध हुन आठ सय जनाले आवेदन गरेका बताए। उनले ५७ जनाको आवेदनमात्र स्वीकृत गरिएको जानकारी दिँदै उनीहरूसँग व्यक्तिगत छलफल नगरी क्लबको सदस्यता नदिने बताएका छन्। सरकारले गाँजा, हेरोइन र मनोद्विपक पदार्थलाई लागूपदार्थको एउटै वर्गमा सूचीबद्ध गरेकाले कानूनी झमेलामा नफस्न उनले आवेदकहरूको आशय र उद्देश्य स्पष्ट नभई समूहमा सामेल नगर्ने बताए।

हेनरीको क्लबले १८ देखि २१ वर्ष समूहक सदस्यलाई एक महिनामा अधिकतम ३० ग्राम गाँजा उपलब्ध गराउने नीति लिएको छ। हाललाई क्लबको सदस्य बन्न २० युरो तिर्नुपर्छ भने हरेक महिना मासिकरुपमा पाँच युरो बुझाउनुपर्नेछ। एक ग्राम गाँजाको मोल पाँचदेखि १५ युरोसम्म निर्धारण गर्नुपर्ने उनले बताए। अठार वर्षमुनिका मानिसलाई सदस्यता दिइदैन।

गाँजालाई वैधानिकता दिने सरकारी योजनाको चिकित्सक तथा कानून कार्यान्वयन निकायका अधिकारीले विरोध गरेका छन्। विपक्षी दलका नेताले प्रस्तावको खुलेर निन्दा गरेका छन्। लागू औषध दुरुपयोगलाई प्रोत्साहन गर्ने प्रस्तावित विधेयक देशका निम्ति अनुपयुक्त भएको उनीहरूको तर्क छ।

यसैबीच, अमेरिकी स्वास्थ्य र मानव सेवा विभागले ड्रग इन्फोर्समेन्ट एजेन्सी (डिईए)लाई गाँजासम्बन्धी संघीय कानून उदार बनाउन आह्वान गरेको छ।

अमेरिकाका ५० मध्ये ४० राज्यले कुनै न कुनै रूपमा यसको प्रयोगलाई वैधानिक बनाउने कानून पारित गरे पनि संघीय तहमा यो अवैध मानिन्छ। स्वास्थ्य तथा मानव सेवा विभाग (एचएचएस) ले डिइएसमक्ष आफ्नो राय पेश गरिसकेको छ। गत वर्ष राष्ट्रपति जो बिडेनले महान्यायाधिवक्ता तथा स्वास्थ्यमन्त्रीलाई कम जोखिमयुक्त औषधिको रूपमा गाँजालाई सूचीबद्ध गर्न सकिने-नसकिने भन्नेबारेमा समीक्षा गर्न निर्देशन दिएका थिए।

# ग्रान्ट शाप्स बेलायतको नयाँ रक्षामन्त्री



**काठमाडौं/एजेन्सी–** बेलायतका रक्षामन्त्री बेन वालेसले पदबाट राजीनामा दिएका छन्। गत महिना उनले पदबाट राजीनामा दिने घोषणा गरेका थिए। अठार वर्षदेखि संसद् सदस्य रहेका वालेस विन्स्टन चर्चिलपछि सबैभन्दा लामो समयसम्म बेलायतको रक्षा मन्त्रालय सम्हाल्ने कन्जर्भेटिभ दलको नेता हुन्। नौ वर्ष मन्त्री रहेका उनले चार वर्ष रक्षामन्त्रीका रुपमा सेवा गरेका हुन्। त्रिपन्न वर्षीय वालेसलाई प्रधानमन्त्री ऋषि सुनकले पठाएको पत्रमा रुसविरुद्ध युक्रेनका लागि पश्चिमा सहयोगीहरूको समर्थन जुटाउन उनले निर्वाह गरेको प्रमुख भूमिका तथा देशप्रतिको समर्पण र सीपको प्रशंसा गरेका छन्।

यसैबीच प्रधानमन्त्री सुनकको कार्यालयले ५४ वर्षीय ऊर्जामन्त्री ग्रान्ट शाप्सलाई रक्षामन्त्री नियुक्त गरेको घोषणा गरेको छ। संवाददाताहरूले नयाँ रक्षामन्त्री शाप्स प्रधानमन्त्रीको कार्यालयमा गएको जनाउँदै उनले बेलायती रक्षामन्त्रीका रुपमा आफूले रुसको अन्यायपूर्ण आक्रमणका विरुद्ध युक्रेनलाई सघाउने प्रतिबद्धता व्यक्त गरेको बताएका छन्।

शिक्षामन्त्री क्लारी कुथिन्होलाई क्याबिनेट मन्त्रीका रुपमा बढुवा गरेर ऊर्जामन्त्रीको जिम्मेवारी दिइएको छ।

# 'भारतलाई सुरक्षा परिषद्बाट बाहिर राख्दा राष्ट्रसंघको विश्वसनीयतामा प्रश्न उठ्छ'



**काठमाडौं/एजेन्सी–** भारतका विदेशमन्त्री एस जयशंकरले भारतलाई संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को स्थायी सदस्यता प्रदान नगर्दा संयुक्त राष्ट्रसंघकै विश्वसनीयतामा प्रश्न उठ्ने बताएका छन्।

दिल्ली विश्वविद्यालयमा बिहीबार आयोजित एक कार्यक्रममा विदेशमन्त्री जयशंकरले दोस्रो विश्वयुद्धको समयमा गठन भएको विश्वसंस्थामा त्यतिबेला ५० सदस्य राष्ट्र मात्र रहेका तर अहिले एक सय ९३ देश सदस्य रहेकाले परिवर्तित समयअनुरुप राष्ट्रसंघको संरचनामा परिवर्तन आवश्यक भएको बताए। उनले भिटो शक्तिमा निहित पाँच स्थायी सदस्यलाई यात्रीवाहक बसको पहिलो पङ्क्तिमा बस्ने यात्रीका रुपमा तुलना गर्दै उनीहरूले आफ्नो ठाउँ नछोड्ने बताए।

अफ्रिकी, ल्याटिन अमेरिकी र जनसंख्याका हिसाबले विश्वको सबैभन्दा ठूलो देश र पाँचौं ठूलो अर्थतन्त्रलाई भारतलाई सुरक्षा परिषद्बाट बाहिर राख्न नसकिने तर्क गर्दै त्यस गरेमा संयुक्त राष्ट्रसंघकै विश्वसनीयतामा प्रश्न उठ्ने विदेशमन्त्रीले दोहोऱ्याए।

ब्राजिल, रुस, भारत, चीन र दक्षिणअफ्रिका सम्मिलित ब्रिक्सले सुरक्षा परिषद्को सदस्यता परिवर्तन गर्नुपर्छ भनेर पहिलोपटक बोलेको बताउँदै विदेशमन्त्री जयशंकरले इतिहास भारतको पक्षमा रहेको र उक्त अन्तरराष्ट्रिय संस्थामा परिवर्तन आउने विश्वास व्यक्त गरे। 'केही शक्तिले भारत सुरक्षा परिषद्को सदस्य नबनोस् भनेर हामीविरुद्ध लागे पनि एक दिन हाम्रो अवश्य विजय हुनेछ,' कुन शक्ति राष्ट्र भारतका विरुद्धमा लागेको हो भन्ने स्पष्ट उल्लेख नगरी उनले भने।

# थाक्सिनद्वारा जेल सजाय माफीका लागि आग्रह



**काठमाडौं/एजेन्सी–** थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राद्वारा जेल सजाय माफीका लागि आग्रह गर्दै थाई दरबारमा निवेदन दिएका छन्। थाइल्याण्डको जेलमा रहेका पूर्वप्रधानमन्त्री थाक्सिनले सरकारमार्फत शाही माफीका लागि अनुरोध गरेको सरकारका एक मन्त्रीले बिहीबार बताएका हुन्।

सन् २००६ मा भएको सैनिक 'कू' बाट अपदस्थ भएका ७४ वर्षीय अर्बपति लाई १५ वर्षको आत्मनिर्वासनबाट फर्केलगत्तै गत साता जेल पठाइएको थियो। उनको घर फिर्तीसँगै फेउ थाई पार्टी धेरै सैन्य समर्थक पार्टीहरूसँग गठबन्धनमा सरकारमा फर्केको थियो। यसले जेलको समय कटौती गर्न एक सम्झौता भएको थियो भन्ने व्यापक अड्कलबाजीलाई बढावा दिएको छ।

कामचलाउ न्यायमन्त्री विसानु क्रे-ङमले थाक्सिनले भ्रष्टाचार र शक्तिको दुरुपयोग गरेको अभियोगमा आठ वर्षको जेल सजाय भोगिरहेकाले माफीका लागि निवेदन दिएको जानकारी दिए। 'हामीलाई अनुरोध प्राप्त भएको छ, बाँकी प्रक्रियाअनुसार हुनेछ,' विसानुले सञ्चारकर्मीसँग भने।

यो प्रक्रियामा कति समय लाग्छ भन्ने प्रश्नमा विसानुले भने, 'यो विशुद्धरूपमा शाही अनुग्रहमा आधारित छ। सरकारबाट प्रक्रिया लामो छैन, तर यो थाइ नरेशको सोच र निर्णयमा निर्भर गर्दछ।'

थाई कानूनअनुसार राजा महा वजिरालोङकोर्नसँग पुग्नुअघि कैदीहरूले न्यायमन्त्रीबाट प्रधानमन्त्रीमार्फत प्रिभी काउन्सिलमा क्षमादानको निवेदन दिन सक्छन्। अधिकारीहरुका अनुसार सबै कागजी प्रक्रिया पूरा भएमा यो प्रक्रिया एकदेखि दुई महिनासम्म लाग्छ। थाक्सिन आधुनिक थाई इतिहासमा सबैभन्दा प्रभावशाली तर विभाजनकारी व्यक्तिहरू मध्ये एक मानिन्छन्।

सन् २००० को शुरुतिर उनको पपुलिस्ट नीतिका कारण लाखौं ग्रामीण थाईहरूले उनलाई प्रधानमन्त्री चुनेका थिए। उनलाई देशको राजावादी र सेना समर्थक प्रतिष्ठानले निन्दा गरेको छ। जसले विगत दुई दशकको अधिकांश समय उनी र उनका सहयोगीहरूलाई सत्ताबाट बाहिर राख्ने प्रयासमा बिताएको छ।

# कतारको ट्राफिक नियममा केही परिवर्तन



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १४ भदौ

कतार ट्राफिक महानिर्देशनालयले आगामी आइतबारबाट लागू हुने गरी केही ट्राफिक नियममा परिवर्तन गर्ने भएको छ। विभागले परिवर्तन गर्न लागेको नियम ड्राइभिङको समयमा मोबाइल फोनको प्रयोग र सिट बेल्टसम्बन्धी रहेको छ।

ट्राफिक विभागका अधिकारी माजित अल खुलेफीले गाडी चलाउँदा सिट बेल्ट र मोबाइल प्रयोग गरेमा स्वचालित राडार (क्यामेरा)ले पक्रने र जरिवाना पर्ने बताए। सवारी साधन चलाउँदा एयरफोन वा एयरपोडको प्रयोग गरेर फोनमा कुरा गर्न सकिने, मोबाइललाई गाडी/बाइकमा राखेर नक्सा हेरेर चलाउन सकिने बताउँदै उनले एक हातमा फोन समातेर अर्को हातले सवारी साधन चलाउन नपाइने स्पष्ट पारे।

उनले सिट बेल्टको प्रयोगलाई अनिवार्य रहेको बताएका छन्। सडक दुर्घटना न्यूनीकरणका लागि महानिर्देशनालयले समय सापेक्षरुपमा ट्राफिक नियममा परिवर्तन गर्दै आएको छ।


## कम्पनीको नाम परिवर्तन भएको सूचना

तेश्रो पटक प्रकाशित मितिः २०८०/०५/१५

यस कंम्पनीको मिति २०८०/०४/०७ गते सम्पन्न विशेष साधारणसभाको निर्णय तथा मिति २०८०/०४/२३ मा श्री कंम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त स्वीकृत पत्रको आधारमा यस कंम्पनीको सविकको नाम छायाँनाथ रारा एग्रो प्रा.लि. अंग्रेजीमा Chhayanath Rara Agro Pvt. Ltd. परिवर्तन भई छायाँनाथ रारा एग्रो एण्ड मल्टि सप्लायर्स प्रा.लि. अंग्रेजीमा (Chhayanath Rara Agro and Multi Suppliers Pvt. Ltd.) रहेको साथै साविक कंम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम छायाँनाथ रारा एग्रो एण्ड मल्टि सप्लायर्स प्रा.लि. अंग्रेजीमा (Chhayanath Rara Agro and Multi Suppliers Pvt. Ltd.) ले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FUTURE SERVICES GENERAL TRADING & CONTRACTING CO.W.L.L. शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०८/२८ चलानी नं.: ६०२०२३४८ LT. No.: 253782 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 200 | 0 | सम्बन्धित काममा दक्ष | 170 | ७२,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour Male | 100 | 0 | | 90 | ३८,५७७ | | | | | | | |

नोटः यसै कम्पनीको लागि Dozer Operator & Loader Operator, को पनि माग भई आएकाले नेपाली लाईसेन्स भएकाहरूले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ २२ गते (8 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

Swift Gurkha International Pvt. Ltd.
Sarkari Dhara, Samakhusi, Kathmandu, Nepal
Tel: 01-4950987, 4952128, 4989471.Fax: 01-4350534, 9846979613, 9808331878
E-mail: info@swiftgurkha.com, swiftgorkha@gmail.com/ web:www.swiftgurkha.com
Govt. Lic. No: 559/062/063



## युएईमा रोजगारको अवसर

कम्पनीः GLOBAL CLEANING SERVICES शहरः DUBAI
पूर्व स्वीकृत मितिः२०८०/०४/१४ चलानी नंः ६०२०५३२२ LT. No.:290023 पून विज्ञापपन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Cleaner | 1 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Cleaner | 1 | 0 | | 800 | २८७६८ | | | | | | | |
| 3. | Office Manager | 1 | 0 | | 2000 | ७१९२० | | | | | | | |
| 4. | Cleaner | 22 | 0 | | 800 | २८७६८ | | | | | | | |
| 5. | Stone Mason | 1 | 0 | | 1200 | ४३१५२ | | | | | | | |
| 6. | Archive Clerk | 1 | 0 | | 1500 | ५३९४० | | | | | | | |
| 7. | Office Cleaner | 0 | 8 | | 800 | २८७६८ | | | | | | | |
| 8. | Receptionist | 0 | 1 | | 1200 | ४३१५२ | | | | | | | |
| 9. | Cleaner | 0 | 1 | | 800 | २८७६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २२ गते (8 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.
ईजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com



## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESSA RASHED AL OWAIDAN COMPANY FOR CONTRACTING शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८०/२२/१५ चलानी नं.: ६०२०२१७३ LT. No.: 286772 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 23 | 0 | स. काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २२ गते (8 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदारले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.
श्रम इजाजत पत्र नं. ७१२/०६४/०६५
बत्तिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com



## साउदीमा रोजगार

कम्पनीः BAKHASHAB TRANSPORT AND AMP,TRADING CO.LTD. शहरः Dammam
पुर्व स्वीकृत मितिः २०८०/०१/२५ चलानी नं.: ६०२०११६४ L.T. No.: 285677 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 12 | 0 | स. काममा दक्ष | 1800 | ६३,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः BADAA CONSTRUCTION GENERAL CONTRACTING शहरः Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०१/२५ चलानी नं.: ६०२०११६३ L.T. No.: 285676 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | loading And Unloading Worker | 5 | 0 | | 1000 | ३५,२१० | | | | | | | |

कम्पनीः AL-KHALDI LOGISTICS COMPANY शहरः Dammam
पुर्व स्वीकृत मितिः २०८०/०२/२२ चलानी नं.: ६०२०२६२१ L.T. No.: 287233 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 11 | 0 | स. काममा दक्ष | 1800 | ६३,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० भदौ २२ गते (8 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

INNOVATIVE HUMAN RESOURCE DEVELOPMENT PVT. LTD.
श्रम इजाजत नं. ८१५/०६६/०६७
Kupondole, Lalitpur, Tel.: Tel : 01-5180193, 01 5430829, 9851065591 9851243720 | Fax: 01-5530829, Email: innovative815@gmail.com



## Romania मा रोजगार

कम्पनीः CANDOR RECRUITMENT SERVICES SRL शहरः BUCHAREST
पूर्व स्वीकृत मितिः२०७९/१०/१९ चलानी नं.: ६०१९५९२९ L.T. No.: 280446 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 107 | 0 | स. काममा दक्ष | 550 | ७२,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः CANDOR RECRUITMENT SERVICES SRL शहरः BUCHAREST
पूर्व स्वीकृत मितिः २०७९/०४/१२ चलानी नं.: ६०१८३९५३ L.T. No.: 268234 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 43 | स. काममा दक्ष | 550 | ७२,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० भदौ २४ देखि २९ गते सम्म (10 to 15 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला।

KATHMANDU INTERNATIONAL INCORPORATE PVT. LTD.
TOKHA 10, SAMAKHUSHI, Kathmandu
Tel: +977-1-496117, 4952265, E-mail: kiimanpowernepal@gmail.com, info@kii.com.np
Mobile : 9742475461 /Web: www.kii.com.np
Gov. Lic No. 441/060/61



## यूएईमा रोजगारको अवसर

१. कम्पनीः SAFAEE WALA CLEANING SERVICES L.L.C. शहरः UAE
पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३४९८ LT. No.: 267487 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 20 | स. काममा दक्ष | 1000 | ३५,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २२ गते (8 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

NS INTERNATIONAL PVT. LTD.
Kathmandu, Nepal, Tel. No.: 01-4485082, 4485083
Mob.: 9803888634,9840065304,9851265910
Email: ns.international1066@gmail.com
Gov. Lic No. 1066/073/074

# बक्स अफिस समाचार

# ‘रिलिज अघि नै हिट भइसक्यो नाङ्गो गाउँ’



**२**०७६ सालमा भुटानी शरणार्थीको प्रेमकथामा ‘रातो गलबन्दी’ निर्माण गरेका युवा निर्माता **हिमाल कडरिया** अब भने भदौ २९ मा ‘नाङ्गो गाउँ’ लिएर दर्शकमाझ आउँदैछन् । दर्शकलाई नेपाली जनजीवनको कथा पस्कन अघि सर्ने हिमाल ‘नाङ्गो गाउँ’मा जिल्लामा हुने गरेको वास्तविक राजनीति खिचातानीलाई प्रस्तुत गरेको बताउँछन् । विभिन्न व्यवसायमा संलग्न भएता पनि आफू चलचित्र निर्माणमै लोभिएको उनी बताउँछन् । हाल चर्चामा रहेको दीपेन्द्र लामा निर्देशित ‘नाङ्गो गाउँ’ सम्भवत विदेशमा अहिलेसम्मकै सर्वाधिक हलमा एकसाथ प्रदर्शन हुन लागेको पहिलो नेपाली चलचित्र बन्दैछ । उनै निर्माता कडरियासँग ‘नाङ्गो गाउँ’लगायतका विषयमा मध्यान्ह दैनिकले गरेको कुराकानीको सम्पादित अंश :

**चलचित्र निर्माणमा किन लाग्नु भयो ?**

मलाई सानैदेखि चलचित्रमा रुची थियो । आफ्नो समाजको कथाहरुलाई पर्दामा देखाउने ठूलो रहर थियो । त्यसकारण ०७६ सालमा केकी अधिकारी, कोसिस क्षेत्री, बुद्धि तामाङजस्ता परिचित कलाकार लिएर ‘रातो गलबन्दी’ निर्माण गरें । त्यतिबेला मलाई चलचित्र निर्माणबारे धेरै कुरा थाह रहेनछ । भुटानी शरणार्थी र नेपाली स्थायीबासीबीचको प्रेम र सम्पर्णको कथामा निर्माण गरिएको भएता पनि अपेक्षित सफलता हासिल भएन । त्यसपछि केही वर्ष म चलचित्र निर्माणका विविध आयाम, दर्शकको रुची तथा अन्तर्राष्ट्रिय बजारको सुक्ष्म अध्ययनमा लागें । फलस्वरुप अहिले ‘नाङ्गो गाउँ’ निर्माण गरेको छु ।

**‘नाङ्गो गाउँ’ खास के विषयको फिल्म हो ?**

मलाई समाजसँग कुनै न कुनै रुपमा नजिक, यथार्थवादी कथा मन पर्छ । फिल्म भनेको मनोरञ्जन मात्र नभइ समाजको ऐना पनि हो भन्ने मलाई लाग्छ । निर्देशक दीपेन्द्र लामाले गाउँमा हुने गरेको राजनीति, त्यसले निर्माण गर्ने पक्ष-विपक्ष समाज, विकृति तथा आम जनताको चासोको विषयमा कथा तयार गर्नुभयो । मलाई औधि मन पर्‍यो । त्यसैलाई पर्दामा उतार्न लाग्यौं । म सधैं केही नयाँ गरुँ भन्ने चाहना राख्छु । सोही सोचले अहिलेको राजनीतिक माहोलको यथार्थलाई पर्दामा उतारेका हौं । हाम्रो चलचित्रले देशको वर्तमान राजनीतिक विकृतिलाई नङ्ग्याई आम नागरिकलाई सजग गराउने छ ।

**‘नाङ्गो गाउँ’ मा अहिलेका चर्चित कलाकारहरुको भीड नै लगाउनुभएको छ । कसरी सम्भव भयो ?**

कथाको मागअनुसार नै कलाकार चयन गरिएको हो । आम दर्शकले मन पराएका कलाकार नै राखौं भन्ने हाम्रो सोच हो । धेरै चर्चित र चर्चित व्यस्त कलाकारहरुको सेड्युल मिलाउन भने हामीले ठूलै कसरत गर्नु परेको छ । दयाहाङ राई, मिरुना मगर, कार्म, साम्राज्ञी आरएल शाह, शिशिर वाङ्देल, बुद्धि तामाङ, रबिन्द्र झालगायत थुप्रै कलाकार हुनुहुन्छ । निर्देशक, कलाकारहरु सबैले दिलोज्यान दिएर काम गर्नुभएको छ । त्यसका लागि म उहाँहरुप्रति आभारी छु ।

**तपाईंको चलचित्र देशसँगै विदेशमा पनि एकसाथ प्रदर्शन हुदैछ, कस्तो आश राख्नु भएको छ ?**

चलचित्र एक्दमै राम्रो बनेको छ । आम दर्शकलाई बाँधिराख्नेमा पूर्ण विश्वस्त छु । हामीले निर्माण घोषणा गरेदेखि नै विदेशबाट हाम्रो चलचित्रको डिमाण्ड आएको हो । अहिलेसम्म लगभग सबै देशका लागि चलचित्र प्रदर्शन अधिकार बिक्री भइरहेको छ । लगानीको हिसावले पनि हामी सुरक्षित भइसकेका छौं । यसर्थमा ‘ नाङ्गो गाउँ’ रिलिज अघि नै सुपरहिट भइसक्यो भन्दा फरक पर्दैन । तर पनि देश विदेशमा बढी भन्दा बढी दर्शकले हाम्रो चलचित्र हेर्नुहोस् भन्ने मेरो आग्रह छ ।

**तपाईंको विचारमा अहिले नेपाली चलचित्र क्षेत्रको मुख्य चुनौती के हो ?**

अहिलेसम्म पनि चलचित्र क्षेत्र लगानी सुनिश्चित हुन सक्ने उद्योगको रुपमा विकसित हुन सकेको छैन । राज्यले यो क्षेत्रलाई उचित स्थान, सम्मान र सुविधा दिएको छैन । चलचित्र बीमा, निर्माता, कलाकारलाई प्रोत्साहन, पुरस्कृत गरी हौसला प्रदान गर्नेलगायतका कार्यक्रमहरु ल्याउन सकेको छैन । त्यसमाथि यहाँ नेपाली-नेपाली चलचित्रबीच नै अनावश्यक र अस्वस्थ प्रतिस्पर्धा छ । चलचित्र कर्मबाट मात्रै परिवार पाल्न सक्ने अवस्था देखिँदैन । त्यसैले यसलाई सेकेन्डरी प्रोफेशनका रुपमा मात्र लिने गरिएको छ । भोलि कुनै दिन व्यवस्थितरुपमा चलचित्र स्थापित होला भन्ने आशमा हामी चलचित्र बनाइरहेका छौं ।

**यो बर्ष दयाहाङ र मिरुना स्टार ‘ जारी’ले व्यावसायिक रेकर्ड कायम गरिसकेको छ । के ‘नाङ्गो गाउँ’ ले त्यो रेकर्ड तोड्ला त ?**

‘नाङ्गो गाउँ’प्रति देश-विदेशमा रहनुभएका दर्शकको रुची, पोस्टर, टिजर, ट्रेलर र गीतले पाएको सकारात्मक प्रतिक्रिया र हामीले उठाएको विषयप्रति आम दर्शकले देखाउनु भएको चासो हेर्दा हामी धेरै सफल हुन्छौं भन्नेमा पूर्ण विश्वस्त छौं । हामीले दशकौंदेखि सयौं करोडमा बनेको विदेशी चलचित्रसँग प्रतिस्पर्धा गर्दै आउनु परेको छ । यस्तो अवस्थामा पनि राम्रो चलचित्र बनाएमा हाम्रो नेपाली चलचित्रले नै व्यावसायिक रेकर्ड राख्ने भन्ने प्रमाणित भइसकेको छ । त्यसकारण ‘नाङ्गो गाउँ’ले पनि नयाँ व्यावसायिक रेकर्ड कायम गर्नेमा हामी ढुक्क छौं ।

# भिडियो सम्पादनदेखि निर्देशनसम्म विनोद बम



**काठमाडौं / मस-** नेपाली भिडियो सम्पादनमा पछिल्लो समय अब्बल मानिएका भिडियो सम्पादक हुन् विनोद बम । उनले २०६७ सालदेखि अहिलेसम्म १४ सयभन्दा बढी गीतको भिडियो सम्पादन गरिसकेका छन् । उनले म्युजिक भिडियोसँगै फिल्म ‘ मखमली’, ‘जिस्म-२’, ‘जीवन’, ‘ विन्दास लाइफ’, ‘लुजर’लगायतमा सम्पादन गरेका छन् । उनले यहि भिडियो सम्पादनबाट दर्जनौं अवार्ड पनि हात पारिसकेका छन् ।

उनले केही म्युजिक भिडियोसमेत निर्देशन गरेका छन् । उनी भन्छन्, ‘मलाई भिडियो सम्पादनसँगै निर्देशनमा पनि चाख रहेको छ । यसैको बाबजुद मैले रमेश बिजीको रचना अनि नरेश खातीको लय र मेक्सम खातीको आवाजमा रहेको लोकगीत अँधेरी खोलीको तीरैमा तिम्रो पीरैमा बोलको गीत निर्देशन गरेको छु । यही गीतपछि रामकृष्ण ढकालको बनावटी संसार, रीमा गुरुङ होडाको तिमी जून बन्यौ कि, जुनु रिजाल र रामचन्द्र काफ्लेको तिमी खुसी जस्ता गीतहरु निर्देशन गर्ने मौका पाएँ । मलाई दर्शक तथा स्रोताहरुले भिडियो सम्पादनसँगै निर्देशकका रुपमा चिन्न थाल्नुभएको छ ।’

उनका अनुसार अरुले खिचेर ल्याएको फुटेजलाई जोड्ने, काँटछाँट गर्नेदेखि कलर संयोजन गर्ने काम निकै गाह्रो हुन्छ । उनि भन्छन्, ‘कथाको मर्मअनुसार हामीले सम्पादनको कला त्यसमा देखाउनुपर्ने हुन्छ ।’

उनी आफ्नो कामप्रति निकै सन्तुष्ट रहेको बताउँछन् । उनले भने, ‘यही काम गरेर नै दर्शक तथा स्रोताको मन जितेर मैले राष्ट्रिय अवार्ड, मान, सम्मान र पुरस्कार प्राप्त गरेको छु । यस कारण पनि म आफ्ना काममा पूर्णरूपमा सन्तुष्ट छु ।’


goodweave

*“Let’s Promote GoodWeave against Child Labour”*

## Notice For AGM

*(संस्थागत तथा व्यक्तिगत निमन्त्रणा पत्र पनि छुट्टै पठाइने छ । )*

**कार्यतालिका :**
**मिति** : २०८० भाद्र ३० गते, शनिबार (सेप्टेम्बर १६, २०२३)
**समय** : दिउँसो १:०० बजेदेखि ५:०० बजेसम्म ।
**स्थान** : एपेक्स बिज्नेस होटेल, एयरपोर्ट गेट, काठमाडौं ।

**प्रस्तावहरु :**
१. गणपूरक संख्या सम्बन्धमा ।
२. माइन्यूट प्रमाणित समिति गठन सम्बन्धमा ।
३. एजेन्डा अनुमोदन सम्बन्धमा ।
४. लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
५. प्रगति प्रतिवेदन सम्बन्धमा ।
६. आर्थिक प्रतिवेदन सम्बन्धमा ।
७. कार्यसमितिको निर्णय अनुमोदन सम्बन्धमा ।
८. लेखा परिक्षक नियूक्ति सम्बन्धमा ।
९. सामाजिक परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
१०. संस्था नविकरणको लागि अख्तियारी दिने सम्बन्धमा ।
११. कर्मचारी तथा आर्थिक नियमावली संसोधनलाई अनुमोदन सम्बन्धमा ।
१२. नयाँ कार्यसमिति चयनका लागि चुनाव सम्बन्धमा ।
१३. विविध ।

**महासचिव**
**नेपाल गुडवीभ फाउण्डेशन**
पो.ब.नं.: १२६९८, मदन आश्रीत मार्ग, गोठाटार, काठमाडौं ।
फोन नं. : +९७७-०१-५१४८२१६/५१४८१३२, इमेल : info@goodweavenepal.org
वेबसाइट : www.goodweavenepal.org



## मलेसियामा रोजगारको अवसर | कम्पनी : GLOBAL WILLGAIN SDN BHD
शहर: Malaysia,PRAI
पुर्व स्वीकृत मितिः २०८०/०१/०७ चलानी नं.: ६०२००४९७ LT. No.: 284834 पून विज्ञापन

